# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १७५ | काठमाडौं | आइतबार, २८ असोज २०८० | Prabhab National Daily | Sunday, October 15, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# ओलीको धक्काले गठबन्धनमा हलचल

- कोशीमा शेखर कोइराला गुटका केदार कार्की एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त
- कांग्रेसको कोइराला गुट प्रयोग गरेर गठबन्धन विरोधी ओलीले कोशीमा दिए गठबन्धनलाई धक्का
- संघ र अन्य प्रदेशका गठबन्धन सरकारप्रति प्रधानमन्त्री दाहाल र कांग्रेस सभापति देउवा सशंकित
- दाहाल, देउवा र कोइरालाबीच गठबन्धन कमजोर नबनाउने सहमति

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसमा नेता डा. शेखर कोइरालाले नेतृत्व गरेको गुटलाई उपयोग गरेर नेकपा एमालेले कोशी प्रदेशबाट सत्ता गठबन्धनमाथि धक्का दिएको छ। कोशीमा दिएको धक्काले देशका अन्य प्रदेश हुँदै संघसम्मकै गठबन्धन सरकारको जग हल्लिन सक्ने राजनीतिक वृत्तमा टिप्पणी हुन थालेको छ।

प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवासमेत यसबाट सशंकित बनेका छन्। उनीहरूले शनिबार बिहानै नेता कोइरालालाई बालुवाटार बोलाएर एक बुँदे लिखित सहमति नै गरे। उक्त सहमतिमा लेखिएको छ, 'हामी वर्तमान सत्ता गठबन्धनप्रति दृढ र स्पष्ट छौं र यो गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन दिने छैनौं।'

गठबन्धनमा प्रमुख दल कांग्रेस हो। सोही दलका सभापति शेरबहादुर देउवासमेत यसपटक कोशीमा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोलाई मुख्यमन्त्रीका उम्मेदवार बनाउन सहमत भएका थिए। तर, एमालेले गठबन्धन भत्काउन कांग्रेसकै कोइराला गुटका सांसद केदार कार्कीलाई बिहीबार मुख्यमन्त्रीको दाबेदार बनायो। कार्कीले कोइराला खेमाका उनीबाहेक सात जना सांसद र एमालेका ३९ जना सांसदको समर्थन पाए। अन्ततः प्रदेश प्रमुख परशुराम खापुङले सनाखत गरेर शनिबार कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका छन्। नवनियुक्त मुख्यमन्त्री कार्कीले आज (आइतबार) शपथपछि पदभार ग्रहण गर्ने छन्।


नेपाली कांग्रेसका प्रदेशसभा सदस्य केदार कार्कीलाई मुख्यमन्त्री नियुक्तिको पत्र हस्तान्तरण गर्दै कोशी प्रदेश प्रमुख परशुराम खापुङ। *तस्बिरः रासस*

कार्कीलाई मुख्यमन्त्रीमा समर्थन गरेर एमालेले कोशीमा गठबन्धन दलहरूबीच खटपट पैदा गराएको छ। यही विषयलाई लिएर कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाले पदबाट राजीनामा दिए। बिहीबार नै उपनेता हिमाल कार्कीले पदबाट राजीनामा दिएका थिए। त्यसपछि उनी कार्कीको गुटमा खुले।

यसलाई माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका नेताहरूले 'राजनीतिक बेइमानी' भनेका छन्। यी दलका नेताहरूका अनुसार गठबन्धन भत्काउने ओलीको 'ग्राण्ड डिजाइन'को कार्यान्वयनकर्ता कोइराला गुट बनेको हो।

(बाँकी पृष्ठ २ मा)

## 'मध्यावधि रोक्न मुख्यमन्त्री'

नवनियुक्त मुख्यमन्त्री केदार कार्कीले प्रदेशलाई मध्यावधि निर्वाचनमा जानबाट रोक्न आफू मुख्यमन्त्री भएको बताएका छन्। कुनै पार्टी समर्थनमा नभई संविधानको धारा १६८ (५) को व्यवस्था अनुसार सांसदहरूको समर्थनमा आफू मुख्यमन्त्री भएको उनको दाबी छ।

संविधानवादमा विश्वास गर्ने सबैले प्रदेशमा भएको पछिल्ला राजनीतिक परिदृश्यलाई सकारात्मक रूपमा लिने उनको विश्वास छ। 'यसलाई स्वाभाविक रूपमा पार्टीले आत्मसात् गर्छ भन्ने लाग्छ। संविधानले देखाएको बाटोअनुसार भएको हो,' उनले मुख्यमन्त्री नियुक्तपछि पत्रकारहरूसँग भने, 'गठबन्धनको मात्रै सांसद संख्याले मध्यावधिमा जाने बाटो देखिएको थियो। त्यसैले सांसदहरू एक ठाउँमा उभिँदा मध्यावधिको बाटो रोकेको हो।'

कार्कीले मुख्यमन्त्री हुन गठबन्धनको निर्णय अस्वीकार गरे। उनले कांग्रेसकै संस्थापन पक्षका सांसदहरू र गठबन्धन दलहरू माओवादी, नेकपा एस र जसपाका सांसदहरूले मुख्यमन्त्रीमा समर्थन गरेका छैनन्। कोइराला गुटका उनीसहित आठ जना र एमालेका २९ जना सांसदले मात्रै उनलाई समर्थन गरे। अब उनले आगामी ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्छ। विश्वासको मत नपाए प्रदेश मध्यावधि निर्वाचनमा जानेछ।


**टिकट लिन सास्ती** | दसैंमा घर जान अग्रिम बसको टिकट लिन काठमाडौं नयाँ बसपार्कमा लाइनमा बसेका सर्वसाधारण। *तस्बिरः हरिराम भेटुवाल/रासस*

# 'सिजन'मै हेलिकप्टर दुर्घटनाले निराशमा पर्यटन व्यवसायी

- सोलुखुम्बुको लुक्लाबाट लोबुचेका लागि उडेको मनाङ एयरको हेलिकप्टर शनिबार अवतरण गर्ने क्रममा दुर्घटना
- पाइलट प्रकाश सेढाईं घाइते
- पछिल्लो तीन महिनामा मनाङ एयरका दुई हेलिकप्टर दुर्घटना
- नेपाल नागरिक उड्डयन प्राधिकरणद्वारा मनाङ एयरको एओसी निलम्बन

■ **सिबी अधिकारी**

**काठमाडौं–** मनसुन सकिएर पर्यटकीय 'सिजन'को सुरुआतमा शनिबार भएको हेलिकप्टर दुर्घटनाले पर्यटन व्यवसायीमा निराशा छाएको छ। कोरोना महामारीलगायतका कारणले घट्दो क्रममा रहेको पर्यटन व्यवसाय बिस्तारै लयमा फर्कने प्रयास भइरहेका बेलामा हेलिकप्टर दुर्घटनाले व्यवसायीलाई निराशा बनाएको छ।

व्यवसायीहरू असोज-मंसिरमा पदयात्रा र आरोहणका लागि पर्यटक बढ्ने भएकाले यसअवधिलाई 'पिक सिजन'का रूपमा लिन्छन्। 'सिजनमै भएको हेलिकप्टर दुर्घटनाले यात्रुको संख्या पक्कै पनि कम हुन्छ,' सिम्रिक एयरका महाप्रबन्धक मुरलीधर जोशीले भने, 'विशेषगरी यस समयमा हेलिकप्टरको प्रयोग उद्धार उडानका लागि हुन्छ, यो घटनाले व्यवसायमा पक्कै पनि असर पर्छ।'

उनका अनुसार हेलिकप्टरको वर्षभरी हुने कूल आम्दानीको ३० प्रतिशत यही सिजनमा हुन्छ। 'वैशाख-जेठमा ३० प्रतिशत र यस सिजनमा ३० प्रतिशत बिजनेस हुन्छ,' उनले भने, 'बाँकी बिजनेस अफ सिजनमा हुन्छ।' यस सिजनमा सगरमाथा क्षेत्रमा पदयात्रा र पर्वतारोहण गर्ने पर्यटकले हेलिकप्टर बढी प्रयोग गर्ने उनको भनाइ छ।

सिजनमै भएको हेलिकप्टर दुर्घटनाले मुलुकको हवाई क्षेत्रमा नकारात्मक असर परेको हेलिकप्टर सोसाइटी अफ नेपालका महासचिव योगराज कँडेलको भनाइ छ। उनले भने, 'मुख्य पर्यटकीय सिजन सुरु भएकाले यतिबेला हेलिकप्टर पाउनै मुस्किल छ। मौसम सफा भएकाले हेलिकप्टरको 'मुभमेन्ट' बढी भइरहेको समयमा भएको हेलिकप्टर दुर्घटनाले नकारात्मक सन्देश गएको छ।'

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### इजरायलस्थित नेपाली राजदूतावासको आग्रह

# असुरक्षित भए सुरक्षित स्थानमा सरौं

■ **प्रभाव संवाददाता**




> आफू असुरक्षित बन्दै गएको महसुस भएमा रोजगारदातासँग सल्लाह गरी सुरक्षित ठाउँमा स्थानान्तरण हुन सुझाव

**काठमाडौं–** इजरायलको तेल अभिभस्थित नेपाली राजदूतावासले त्यहाँ रहेका नेपालीहरूलाई आफू असुरक्षित बन्दै गएको महसुस भएमा रोजगारदातासँग सल्लाह गरी सुरक्षित ठाउँमा स्थानान्तरण हुन सुझाव दिएको छ। दूतावासले शनिबार एक सूचना जारी गर्दै नेपालीहरूलाई स्थिति समान्य नबन्दासम्म घरबाहिर ननिस्कन आग्रह गर्दै उक्त सुझाव दिएको हो।

इजरायलको गाजा पट्टीमा प्यालेस्टाइनी लडाकु समूह हमासले गरेको आक्रमणमा परी १० नेपालीको मृत्यु भएको छ। उक्त आक्रमणमा मृत्यु हुनेको संख्या दुई हजारभन्दा बढी पुगिसकेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। युद्ध प्रभावित क्षेत्रबाट उद्धार गरी २५४ जना नेपालीलाई नेपाल ल्याइसकिएको छ। उनीहरूलाई लिन गएको नेपाल एयरलाइन्सको चार्टर्ड विमान शुक्रबार बिहान काठमाडौं आइपुगेको थियो। सरकारले स्वदेश फर्कन चाहने बाँकीलाई पनि व्यावसायिक उडानबाट ल्याइने बताएको छ। त्यसरी आउने नेपालीलाई हवाई भाडाबापतको रकम उपलब्ध गराउने घोषणा सरकारले गरेको छ।

यसका लागि इजरायलस्थित नेपाली राजदूतावासले अनलाइन फाराम भर्न आग्रह गरेको छ। उक्त फाराममा भरेको विवरणका आधारमा उद्धार गरिने बताइएको छ। निश्चित रोजगारदाता नभएका नेपालीले पनि फाराम भर्नसक्ने दूतावासले जनाएको छ। दूतावासका अनुसार नेपाल फर्किन चाहने २०० भन्दा बढीले फाराम भरिसकेका छन्।

दूतावासले सूचनामार्फत त्यहाँको स्थिति सामान्य नबन्दासम्म घरबाहिर ननिस्कन र सुरक्षित स्थानमा रहन विशेष अनुरोध गरेको छ। 'पछिल्लो समय गाजा आसपाससहित इजरायलको दक्षिणी तथा उत्तरी सीमा क्षेत्रमा जोखिम थप बढेको र इजरायल सरकारद्वारा ती क्षेत्रमा रहेकाहरूलाई सुरक्षित क्षेत्रतर्फ जान सुझाइएकोले यदि तपाईं रहेको क्षेत्रमासमेत असुरक्षा बढ्दै गएको स्थिति छ भने आफ्नो रोजगारदातासँग सल्लाह गरी त्यहाँबाट बढी सुरक्षित स्थानतर्फ सर्नुहोला,' दूतावासले भनेको छ।

सोही सूचनामार्फत सुरक्षित आश्रयस्थल नभएकाहरूले दूतावासलाई जानकारी गराउन पनि आग्रह गरिएको छ। नेपाल सरकारका साथै इजरायल सरकार र विभिन्न आधिकारिक निकायका सूचना एवं स्थानीय सुरक्षा प्रोटोकलहरूको पालना गर्दै नेपालीहरूलाई दूतावासको सम्पर्कमा रहन भनिएको छ। त्यसैगरी दूतावासले हाल कामको चाप अत्यन्तै धेरै रहेको जनाएको छ। एकैपटक कैयौं फोन तथा मेसेजहरू आउने हुँदा पटक-पटकको प्रयासमा पनि सम्पर्क हुन नसके अन्य मित्र तथा विभिन्न संघसंस्थासमेतको सहयोग लिन दूतावासले सुझाएको छ।

गाजा पट्टीमा भएको आक्रमणपश्चात् उत्पन्न संकटका कारण थुप्रै नेपाली प्रभावित भएको पनि दूतावासले उल्लेख गरेको छ। पछिल्लो समय चार हजार ५०० नेपाली केयर गिभरको रूपमा इजरायलमा काम गरिरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। साथै, 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत थुप्रै नेपाली विद्यार्थी इजरायलमा काम गरिरहेको पनि मन्त्रालयले उल्लेख गरेको छ।

इजरायलले भर्खरै मात्र दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न थप ५०० सहायक कामदार (केयर गिभर)को माग गरे पनि द्वन्द्वको कारण अर्को सूचना प्राप्त नभएसम्म कुनै प्रक्रिया अगाडि नबढ्ने वैदेशिक रोजगार विभागले जनाएको छ। यसअघि पहिलो चरणमा झण्डै एक हजार २०० जना कामदार इजरायल गइसकेको विभागको तथ्यांकले देखाएको छ। रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको इजरायलमा विभिन्न माध्यम प्रयोग गरी जाने गरे पनि सन् २०१७ मा नेपाल सरकारले जिटुजी सम्झौता गरी नेपाली कामदार पठाउन थालेको हो।



# आजदेखि बडादसैं सुरु

## बिहान ११:२९ मा घटस्थापनाको उत्तम साइत

**काठमाडौं–** आज (आइतबार)देखि नवरात्र प्रारम्भ भएको छ। नवरात्रको पहिलो दिन आज घर-घरमा घटस्थापना गरिन्छ। आश्विन शुक्ल प्रतिपदादेखि बडादसैं सुरु भएको मानिन्छ। आज बिहान ११ बजेर २९ मिनेटको साइतमा घटस्थापना गरिनु उत्तम रहेको नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ।

यस दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले घटस्थापना गर्नु अगाडि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरी घटस्थापना गर्नु शास्त्रसम्मत देखिने समितिले जनाएको छ। बडादसैं आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धूमधामका साथ मनाइन्छ। बडादसैंको पहिलो दिन आज घरका पूजा कोठा र दसैं घरमा विधिपूर्वक दियो, कलश एवं गणेश स्थापनासहित घटस्थापना गरिन्छ। पूजा कोठा वा दसैं घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ।

आज बिहानै नित्य कर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौ रोपिन्छ। यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ। यव अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा लगाइन्छ।

दुर्गा देवीका तीनवटा रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ। महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य, ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकको रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीजलगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजा, आजा र आराधना गर्ने गरिन्छ। यो आराधनाले वर्षभर गलत प्रवृत्तिविरुद्ध लड्ने शक्ति प्राप्त हुने विश्वास गरिन्छ। आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ।

नौ दिन नौ दुर्गाको पूजा

नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्री देवीको पूजा आराधना गर्ने गरिन्छ। यीनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिन्छ।

आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा आराधना गर्ने शास्त्रीय नियम छ। दुर्गा पूजा र दसैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रीको भनाइ छ। दसैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ।

वडादसैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ। आगामी कात्तिक ४ गते बिहान ९ बजेर ३५ मिनेटमा फूलपातीको साइत रहेको समितिले जनाएको छ। महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैं घर, कोत र शक्तिपीठमा बलिसहित विशष पूर्जा गर्छन्। नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिको पाठ पनि गर्ने गरिन्छ। यस अवसरमा गुह्येश्वरी, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्ने गर्छ।

विजयादशमीको साइत कात्तिक ७ गते बिहान ११ बजेर २ मिनेटमा

नवरात्र भनेर समेत चिनिने दसैं नौ रात र १० दिनको हुन्छ। आज विधिपूर्वक घरघरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई कात्तिक ७ गते गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र फूल प्रसाद ग्रहण गर्ने गरिन्छ।

कात्तिक ७ गते देवी विसर्जनको साइत बिहान १० बजेर ३७ मिनेटमा रहेको समितिले जनाएको छ। टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने ११ बजेर २ मिनेटको साइत उत्तम छ। विजयादशमीदेखि कोजाग्रत पूर्णिमासम्म देवीको प्रसाद लगाउने चलन छ।

विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ। पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रीमा जाग्राम रहेर पूजा लगाई धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ। यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धन धान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ। आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा विसर्जन गरिन्छ। *रासस*

# मनसुन बाहिरन अझै केही दिन लाग्ने

**काठमाडौं (प्रस)–** बागमती र मधेस प्रदेशको धेरैजसो भूभागबाट यस वर्षको मनसुन बाहिरिएको छ। यसअघि सुदूरपश्चिम र कर्णाली प्रदेशबाट बाहिरिसकेको मनसुन शनिबारदेखि गण्डकी र लुम्बिनी प्रदेशका सबै भूभाग तथा बागमती र मधेस प्रदेशका धेरैजसो भूभागबाट बाहिरिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

नेपालका बाँकी भूभागबाट केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको महाशाखाको भनाइ छ। मनसुन बाहिरिने क्रममा रहेको भए पनि पश्चिमी वायुको प्रभावका कारण पर्सी सोमबारदेखि बुधबारसम्म नेपालमा सामान्यदेखि मध्यम वर्षाको सम्भावना छ। आइतबार रातिदेखि पश्चिम वायुको एक प्रणाली आउने भएकाले छिटफुटदेखि हल्का वर्षाको सम्भवना रहेकाले तत्काल धान नकाट्न र काटेको भएमा आइतबारसम्ममा भित्र्याइ सक्न मौसमविद् प्रतिमा मानन्धरको भनाइ छ।

उनका अनुसार पूर्वबाट मनसुन बाहिरन अझै केही दिन लाग्ने भएकाले बुधबारपछिबाट मात्रै मौसममा सुधार हुने छ। नेपालको पूर्वी भूभागमा मात्रै मनसुनी वायुको आंशिक प्रभाव कायम छ। सामान्यतया अक्टोबर २ तारिखमा नेपालबाट मनसुन बाहिरी सक्नुपर्ने भए पनि शनिबार अक्टोबर १४ तारिख भइसक्दा मनसुन नेपालबाट पूर्णरूपमा बाहिरिसकेको छैन। पानी नपरेका कारण वायुमा प्रदूषण र कणहरू बसेकाले दिउँसोपख आकाश खुले पनि बिहान/बेलुका धुम्म हुने मौसमविद् गोविन्द झाको भनाइ छ।

## 'सिजन'मै...

पृष्ठ १ बाट जारी

यतिखेर लुक्लाबाट हिमाली क्षेत्रमा जाने यात्रुको मुख्य साधन नै हेलिकप्टर बनेको छ। सगरमाथा, अन्नपूर्ण, लाङ्टाङ, मनास्लुलगायत क्षेत्रमा हेलिकप्टरको प्रयोग भइरहेको छ। सेभेन समिट ट्रेक्स प्रालिका प्रबन्ध निर्देशक एवं हेली एभरेस्टका उपाध्यक्ष मिङ्मा शेर्पा पनि सिजनमा हेलिकप्टर दुर्घटनाले पर्यटन व्यवसायमा नकारात्मक असर पर्ने बताउँछन्।

सोलुखुम्बुको लुक्लाबाट लोबुचेका लागि उडेको मनाङ एयरको 'एन-एनजे'कलसाइन हेलिकप्टर खुम्बुपासाङ ल्हामु गाउँपालिकाको लोबुचेमा अवतरणका क्रममा शनिबार बिहान ७:२४ बजे दुर्घटनामा परेको थियो। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का अनुसार दुर्घटनामा घाइते हेलिकप्टर पाइलट प्रकाशकुमार सेढाईंको हाल काठमाडौंको हचाम्स अस्पतालमा उपचार भइरहेको छ। उनलाई थप उपचारका लागि भारतको मुम्बई लगिने जानकारी दिइएको छ।

दुर्गम क्षेत्रमा सामान ढुवानी गर्न तथा हिमाली क्षेत्रमा पर्यटक ओसारपसारमा समेत हेलिकप्टरको प्रयोग बढ्दो छ। वायुसेवा सञ्चालक संघका अनुसार नेपालमा हाल निजी क्षेत्रका १२ वटा हेलिकप्टर कम्पनीका ३० वटा हेलिकप्टर व्यावसायिक उडानमा छन्। पर्यटकीय गतिविधि बढेको तथा पर्वतारोहणका लागि आरोहीको संख्या बढिरहेकाले हेलिकप्टरको विजनेस राम्रो हुन्छ। दसैं, तिहार, छठलगायतका महत्त्वपूर्ण चाडपर्वको संघारमा हेलिकप्टर दुर्घटनाले एकखालको त्रासदी पैदा भएको व्यवसायीको भनाइ छ।

**तीन महिनामा दुई हेलिकप्टर दुर्घटना**

पछिल्लो तीन महिनामा मनाङ एयरका दुई हेलिकप्टर दुर्घटनाग्रस्त भएका छन्। संयोग नै ती दुवै दुर्घटना सोलुखुम्बुमा भएका छन्। गत असार २६ गते मनाङ एयरको कलसाइन ९एन-एमभी (एएस-५०) कलसाइन भएको हेलिकप्टर दुर्घटनामा परी चालक दलका एक सदस्यसहित हेलिकप्टरमा सवार छ जनाको मृत्यु भएको थियो।

सोलुखुम्बुको सुर्केबाट बिहान काठमाडौंका लागि उडान भरेको उक्त हेलिकप्टर दिउँसो जिल्लाकै लिखुपिके गाउँपालिका वडा नं ५ स्थित लाम्जुरापास नजिक दुर्घटनाग्रस्त अवस्थामा फेला परेको थियो।

**छ महिनामा तीन दुर्घटना**

यस वर्ष (वि.सं. २०८०) को छ महिनामा तीनवटा हेलिकप्टर दुर्घटनामा परेका छन्। गत असार २६ गते भएको मनाङ एयरको हेलिकप्टर दुर्घटनाको तीन महिनामै सोही कम्पनीको अर्को हेलिकप्टर दुर्घटनाग्रस्त भएको छ।

यस्तै गत वैशाख २० गते सिम्रिक एयरको हेलिकप्टर संखुवासभा दुर्घटना भएको थियो। अरुण तेस्रो आयोजनाको सामान ढुवानीका क्रममा भएको उक्त दुर्घटनामा एक जनाको मृत्यु भएको थियो भने चार जना घाइते भएका थिए। त्यसअघि सन् २०१८ र २०१९ मा सोही कम्पनीको समान एक हेलिकप्टर दुर्घटनामा परेको थियो। मनाङ एयरको छ वर्षमा चार हेलिकप्टर दुर्घटना भएका छन्।

प्राधिकरणको एभिएसन सेफ्टी रिपोर्ट २०२३ का अनुसार नेपालमा विभिन्न कम्पनीका ३९ वटा हेलिकप्टर दुर्घटना भएका छन्। ती दुर्घटनाबाट ९० जनाभन्दा बढीको मृत्यु भएको छ। आजको दुर्घटनासहित नेपालमा हेलिकप्टरतर्फ मात्रै ४० वटा दुर्घटना भएका छन्।

**मनाङ एयर निलम्बनमा**

पछिल्लो तीन महिनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटना भएपछि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले उक्त कम्पनीको एओसी (एयर अपरेटर सर्टिफिकेट) निलम्बन गरेको छ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार मनाङ एयरले उडान सुरक्षामा ध्यान नदिएकाले तीन महिनाका लागि उसको एओसी निलम्बन गरिएको हो। 'मनाङ एयरको सेवा सञ्चालन प्रमाणपत्र निलम्बन भइसक्यो, तीन महिनामा दुईवटा हेलिकप्टर दुर्घटना भएका छन्। अब उक्त कम्पनीसँग हेलिकप्टर पनि छैनन्,' प्रवक्ता भुलले भने, 'प्राधिकरणले मनाङ एयरको वस्तुस्थितिका समीक्षा गरेपछि कम्पनी खारेज गर्ने वा निलम्बन फुकुवा गर्ने भन्ने निर्णय हुनेछ।'

प्राधिकरणका अनुसार निलम्बनमा परेको मनाङ एयरले तत्काल हेलिकप्टर ल्याए पनि उडाउन अनुमति पाउने छैन। दुर्घटनाको विस्तृत अध्ययनका लागि प्राधिकरणको प्राविधिक टोली आज आइतबार हेलिकप्टर दुर्घटना भएको क्षेत्रमा जानेछ। *रासस*

## ओलीको...

पृष्ठ १ बाट जारी

हुन पनि ओली गठबन्धनको विरुद्धमा छन्। उनकै शब्दमा भन्दा गठबन्धन एमाले विरोधीहरूको हो। गठबन्धनले देशलाई समृद्ध र विकसित बनाउन नसक्ने उनको ठोकुवा छ। यसले गर्दा उनी गठबन्धनलाई कहिलेकाहीँ 'ठगबन्धन'समेत भन्छन्। गठबन्धनलाई भत्काउने उनी चेतावनी दिइरहन्छन्। नभन्दै कोशीको सरकारमा भने उनी गठबन्धन भत्काउन सफल भए। किनभने, अब कोशी सरकार कांग्रेसको कोइराला गुट र एमालेले बनाउने सम्भावना छ।

गठबन्धनले अघि सारेका मुख्यमन्त्रीका साझा उम्मेदवार आङ्बोले भने पार्टीको आधिकारिक निर्णय कांग्रेसले लागू गर्न नसकेको भन्दै आक्रोश पोखेका छन्। यसबारे कांग्रेसले समीक्षा गर्ला कि नगर्ला ? आङ्बोको प्रश्न छ।

'हामीले गठबन्धन र सत्ता सहकार्य कांग्रेससँग गरेको हो। गुट, उपगुट र पार्टीभित्रको असन्तुष्टि व्यवस्थापनको जिम्मा स्वयं कांग्रेसकै हो,' उनले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै प्रश्न गरेका छन्, 'पार्टीको आधिकारिक निर्णय कांग्रेसले किन लागू गर्न सकेन ? यसको समीक्षा गर्ला वा नगर्ला त्यो कांग्रेसकै कुरा हो।'

१७ असोज २०७४ मा एमाले र माओवादी मिलेर बनेको वाम गठबन्धनले आमनिर्वाचनमा झण्डै दुईतिहाइ बहुमत प्राप्त गरेर तत्कालीन प्रदेश १ हालको कोशीमा सरकार गठन गर्ने क्रममा आङ्बोले मुख्यमन्त्रीका लागि दाबी गरेका थिए। त्यसबेला एमालेबाट शेरधन राई मुख्यमन्त्री भए। राईकै मन्त्रिपरिषद्मा आङ्बो लामो समय आर्थिक मामिला तथा योजनामन्त्री भए। त्यसपछि भीम आचार्य र राजेन्द्रकुमार राई मुख्यमन्त्री हुने बेला पनि उनले मुख्यमन्त्रीका लागि 'लबिइङ' गरेका थिए। तर, भएनन्। गत वर्षको २५ पुसमा कोशीमा एमालेका हिक्मत कार्कीसँगै मुख्यमन्त्रीमा आकांक्षी थिए, आङ्बो। त्यसबेला पनि आङ्बोले अवसर पाएनन्। यद्यपि, विश्वासको मत पाउन नसक्दा हिक्मत पदच्युत भएपछि गठबन्धनबाट मुख्यमन्त्रीका लागि कांग्रेसका उद्धव थापा र माओवादीबाट आङ्बो नै आकांक्षी थिए। अन्ततः थापा दुई-दुईपटक मुख्यमन्त्री भए। विश्वासको मत भने पाउन सकेनन् र उनी पदच्युत भए।

यसपछि भने आङ्बोलाई मुख्यमन्त्रीका रूपमा अघि सार्न प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति देउवालगायत नेताहरू तयार भएका हुन्। तर, माओवादीका आङ्बोविरुद्ध एमालेले कांग्रेसको कोइराला गुटलाई प्रयोग गऱ्यो। उक्त गुटबाट मुख्यमन्त्रीका लागि कार्कीलाई अघि सार्न एमाले सफल भयो। उनै कार्कीको पक्षमा ४७ जना सांसदको समर्थन रहेको प्रमाणित भएपछि प्रदेश प्रमुख खापुङले संविधानको धारा १६८ को उपधारा (५) अनुसार कार्कीलाई मुख्यमन्त्री नियुक्त गरे।

कांग्रेस संसदीय दल कोशीका सचेतक भूपेन्द्र राई असन्तुष्टिका नाममा पार्टीकै सांसदहरूबाट अराजक गतिविधि भएको बताउँछन्। पार्टी निर्णय नमान्नुलाई उनले अराजक गतिविधि भनेका हुन्।

'सार्थीहरूले जे गरे, त्यो ठीक होइन। कसैले उचालिँदा साथीहरू उचालिए। यस्तो अराजक गतिविधि जायज होइन,' उनले प्रभावसँग भने, 'यसबारे समीक्षा हुन्छ।'

कोइराला गुटका नेताहरूले संघदेखि अन्य प्रदेश सरकारप्रति पनि असन्तुष्टि जनाउँदै आएका छन्। गठबन्धनका दलहरू र ती दलका नेताहरूको आलोचना पनि गर्दै आएका छन्। शुक्रबारमात्रै कोइराला गुटका नेता कांग्रेस सांसद गगन थापाले फागुन १ गते कांग्रेसले 'जनयुद्ध दिवस' नमनाउने बताए। थापाको यस्तो अभिव्यक्तिप्रति माओवादी नेता कार्यकर्ताहरू रुष्ट छन्। माओवादी नेताहरू भने वर्तमान राजनीतिक उपलब्धिहरू गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशीता र समानुपातिक प्रणालीको आधारबिन्दु फागुन १ गते भएको भन्दै उक्त दिन जनयुद्ध दिवस नमनाउने भनेर अपमान गर्न नहुने बताउँदै आएका छन्।

यसअघि नेता कोइरालाले नै माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालप्रति आक्रोश पोखेका थिए। उनले धरानमा केही महिनाअघि उत्पन्न तनावलाई लिएर प्रधानमन्त्रीकै अभिव्यक्तिले देशमा धार्मिक तथा साम्प्रदायिक दंग भड्किन लागेको भन्दै आलोचना गरेका थिए। कोइराला गुटका सांसद डा. सुनिल शर्मा झन् वर्तमान सरकारको खरो आलोचक हुन्।

यसरी आलोचना सत्ता गठबन्धनमै रहेको दल कांग्रेसको एउटा गुटबाट भइरहँदा गठबन्धन कहिलेसम्म टिक्छ ? गठबन्धनका नेताहरू नै भन्न सक्ने अवस्थामा छैनन्। यहीबेला कोशीमा एमालेले कोइराला गुटलाई उपयोग गरेर गठबन्धनविरोधी राजनीतिक माहोल सिर्जना गरेको छ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असोज २८ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| **वृष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ। |
| **मिथुन** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। |
| **कर्कट** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **सिंह** | अरुले आलोचना पनि गर्न सक्छन्। |
| **कन्या** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| **तुला** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। |
| **वृश्चिक** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। |
| **धनु** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला। |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ। |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज २८ गते, २०८०, १५ ओक्टोबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रैन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**यमोसा पर्व मनाउँदै** | नवलपुरका थारु समुदाय शनिबार यमोसा पर्व मनाउँदै ।

*तस्बिरः टेकराज पोखरेल/रासस*

# इजरायलमा मारिएका नेपालीको स्मृतिमा अमेरिकामा दीप प्रज्वलन

**वासिङ्टन डिसी–** हमास आतंककारी समूहको आक्रमणबाट गत हप्ता इजरायलमा मारिएका नेपालीलगायत इजरायल र अरु देशका निर्दोष नागरिकको स्मृतिमा अमेरिकाको मेरिल्याण्डमा दीप प्रज्वलन तथा शोकसभाको आयोजना गरिएको छ ।

शुक्रबार आयोजित सो कार्यक्रममा मेरिल्याण्ड राज्यका विधायकहरू डा. हयारी भण्डारी, कार्ल ज्याक्सन, निक एलनसहित, यहाँस्थित स्थानीय नेपाली र अमेरिकी नागरिकको पनि सहभागिता रहेको थियो ।




सभामा उनीहरूले हमासले इजरायलमाथि आक्रमण गरेर निर्दोष तथा निहत्था मानिसको हत्या गर्नु, बन्धक बनाउनु मानवता विरोधी जघन्य अपराध भएको टिप्पणी गर्दै यस्ता कार्यको जति धेरै निन्दा गरे पनि कम हुने बताए ।

त्यस अवसरमा डिस्ट्रिक्ट–८ का नेपालीमूलका विधायक डा. भण्डारीले हमासले इजरायलमाथि आक्रमण गरेर मानवताविरुद्धको गम्भीर अपराध गरेको भन्दै यस्ता जघन्य अपराधमा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने बताए । इजरायलमा भएको सो हिंसात्मक हमलाबाट अहिलेसम्म झण्डै तीन हजार मानिसको ज्यान गएको र त्यसमा नेपालका १० र अमेरिकाका २२ निर्दोष मानिस परेको जानकारी दिँदै डेलिगेट डा. भण्डारीले उनीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा समवेदना व्यक्त गरे ।

कार्यक्रममा बाल्टीमोर काउन्टीका काउन्सिलम्यान इजी पातोकाले ७० वर्षअघि भएको यहुदी नरसंहार होलोकास्टको पनि स्मरण गरेका थिए । मेरिल्याण्डका विधायक कार्ल ज्याक्सनले हमासको आतंककारी हमलाको भर्त्सना गर्दै इजरायलका पक्षमा ऐक्यबद्धता प्रकट गरे । विधायक निक एलनले पनि हमासको आतंकवादी क्रियाकलापको भर्त्सना गर्दै इजरायलका पक्षमा ऐक्यबद्धता प्रकट गरे । उनले दीप प्रज्वलन र शोकसभा मानवता र शान्तिका पक्षमा रहेको बताए ।

स्थानीय नेपाली समुदायको प्रतिनिधित्व गर्दै सुदूरपश्चिम समाजका अध्यक्ष दमनविक्रम शाहले गौतम बुद्धको शान्तिको सन्देश अरू सान्दर्भिक भएको बताउँदै नेपाल र नेपाली कहिल्यै पनि हत्या, आतंकका पक्षमा नरहेको र नरहने बताए । *रासस*

# गाउँमा कोदो खेती घट्दै, सहरमा महत्त्व बढ्दै



■ सुशीला रेग्मी

**रामपुर (पाल्पा)–** ग्रामीण भेगमा कोदो खेतीले ढाकिने बारी अहिले खाली हुँदै गएका छन् । गाउँका बारी कोदो खेतीले भरिन्थे । गाउँमा सबैजसो घर-घरमा कोदो लगाइन्थ्यो । पछिल्ला वर्षमा भने कोदो खेती कम हुँदै गएको बताउँछन्, पाल्पा रामपुर नगरपालिका-१ स्थित कुमैडाँडाकी ६५ वर्षीया शान्ति विश्वकर्मा ।

'जवानी उमेरमा दिनभर बारीमा साथीहरूसँग कोदो रोप्दा रमाइलो हुन्थ्यो, घरमा मुरीका-मुरी उब्जन्थ्यो, अहिले त सबैले लगाउन छाड्दै गए, गाउँमा कोदो खेती गर्न कसैले चाख मान्दैनन्,' उनले भनिन् । उनले आफूले जान्ने बुझ्ने उमेर भएदेखि नै कोदो खेती गरेता पनि अहिले आएर सबैले खेती गर्न छाड्दै जाँदा गाउँका बारी बाँझिन थालेकोमा चिन्ता व्यक्त गरिन् ।

'हाम्रो पालामा जान्ने बुझ्ने उमेर भएदेखि नै गाउँघरमा कोदो रोप्ने कार्यमा सहभागी भइन्थ्यो, अहिलेका पुस्तालाई कोदो के हो ? भन्ने नै थाहा हुनै छाड्यो,' उनले भनिन्, 'गाउँको आफ्नै हातले उब्जाएको पोषिलो कोदो सेवनले शरीरलाई तागत दिन्थ्यो ।' उनले उमेरले बुढ्यौलीपन टेके पनि दुःखसुखले अझै थोरै भए पनि कोदो लगाउन भने छाडेकी छैनन् । आफूले परम्परादेखि नै गर्दै आएको खेती आफ्ना सन्ततिले गर्न छाडे पनि उनले थोरै जग्गामा भए पनि निरन्तर गरिरहेकी छन् ।

गाउँघरमा पाका पुस्ताको मात्र बसोबास, खेती गर्न झण्झटले कोदो लगाउन छाड्दै गएको पाइन्छ । पाल्पामा कोदो खेतीप्रति किसानको आकर्षण घट्दै जाँदा जिल्लामै यसको खेती कम मात्रामा गरिन्छ । कोदो फल्ने ठाउँमा नै किसानले खेती गर्न छाडेपछि अहिले बीउ जोगाउनका लागि पाका पुस्ताले निरन्तरता दिएका छन् । युवापुस्ताको यसप्रति आकर्षण देखिँदैन ।

दश वर्षअघिसम्म जिल्लाका पहाडी भेगका सबैजसो ठाउँमा कोदो लगाइन्थ्यो । गाउँका बारीमा कोदो राम्रै उब्जनी हुन्थ्यो । तर अहिले गाउँमा यसको बीउसम्म पनि पाउन मुस्किल पर्न थालेको किसान बताउँछन् । पहिला-पहिला गाउँघरमा प्रशस्त कोदो उत्पादन गरेर चामलसँग साट्ने चलन थियो । वर्ष दिनभर कोदोबाट चामल साटेर गुजारा चलाउने गरे तापनि हिजोआज व्यावसायीकरण रूपमा खेती गर्न छाडिएको छ ।

अन्य कृषि बालीको तुलनामा कोदो खेतीलाई धेरै लगानी र मिहेनत गर्नु नपरेता पनि किसान आफैंले खेती गर्न रुचि नदेखाउँदा अहिले व्यावसायीकरण हुन छाडेको रामपुर-१ कुमैडाँडाका अर्का कृषक गोवर्द्धन वंशी बताउँछन् । उनले कम्तीमा बर्सेनि चारदेखि पाँच मुरीसम्म कोदो उत्पादन गर्ने गरेकोमा अहिले मुस्किलले आठ/दश पाथी उब्जाउ हुने गरेको बताए ।

उनी भन्छन्, 'गाउँमा बसोबास गर्ने भनेको ज्येष्ठ नागरिकमात्रै हो, युवापुस्ता सहर बजार, विदेशतिर पलायन भए, हिजो आफ्नै हातले मुरीका-मुरी फलाएका कोदो अहिले थोरै बीउ जगेर्नाका लागिमात्रै लगाउने गरिएको छ, बुढ्यौली लाग्दै गर्दा खेती गर्नै नसक्ने भएपछि कसको के नै लाग्छ र ?'

यस वर्ष वंशीले करिब एक रोपनी जग्गामा कोदो लगाएका छन् । मानिसको स्वास्थ्यका लागि कोदोको महत्त्व धेरै रहे पनि खेती गर्ने जनशक्ति गाउँमा नहुँदा उत्पादन कम हुँदै गएको कविता सुनारले बताइन् । उनले यस वर्ष करिब दुई रोपनी बारीमा कोदो लगाएकी छन् । पहिला-पहिला उनले एक वर्षमा पाँच मुरी कोदो उत्पादन लिने गरेकोमा हिजोआज भने वर्षमा करिब दुई मुरीसम्म उत्पादन हुने गरेको बताइन् । घरायसी प्रयोजनका लागि कोदो लगाउँदै आएकी सुनारले व्यावसायिक खेती गरेमा यसबाट राम्रै आम्दानी हुने बताउँछिन् ।

बजारमा कोदोको माग भने पछिल्ला वर्षमा बढ्दो छ । गाउँका धेरै किसानले पाखो बारीमा कोदो लगाएर राम्रै कमाइ गर्थे तर अहिले भने धेरैले कोदो लगाउन छाडिसकेका छन् । औषधिका रूपमासमेत प्रयोग हुने कोदोलाई पोषिलो अन्न मानिन्छ । गाउँघरमा विस्तारै कोदो खेती गर्न छाड्दै गएपछि नयाँ पुस्ता कोदो खेतीबारे अनभिज्ञ बनेका छन् । कोदो अन्य बालीभन्दा स्वस्थकर भए पनि आकर्षण घट्दै गएको छ । बढ्दो सहरीकरणको प्रभावले गाउँमा कोदो फल्ने जमिन बाँझिन थालेका छन् । ग्रामीण भेगका मानिस सहर पस्न थालेपछि कोदोले भरिभराउ हुने जमिन अहिले बाँझिँदै गएका हुन् ।

कम मिहेनतमा उत्पादन बढी हुने प्रयोग तथा उपयोगका क्रममा पोषणयुक्त खाद्यान्न बालीभित्र पर्ने भए पनि पोषिलो कोदोको पछिल्लो समयमा खाद्यान्नमा भन्दा अन्यत्र प्रयोग बढी हुन लागेकाले पनि कोदो खेती लोप हुने अवस्थामा पुगेको छ । परम्परागत शैलीमा स्थानीय जातको बीउ प्रयोग गरी मकैमा घुसुवा बालीका रूपमा लगाइने कोदो प्रायःजसो जिल्लाका सबै गाउँबस्तीमा हुन्थ्यो तर आजभोलि कमै देख्न सकिन्छ ।

खाद्यान्नको रूपमा प्रयोग गरिने कोदो आजभोलि मदिरा बनाउन प्रयोग गरेका कारण कम मात्रामा खेती हुने गरेको किसान बताउँछन् । गाउँघरमा हेपिएको कोदो अहिले सहर बजारतिर खोजीखोजी खाना थालिएको छ । सडक सञ्जाल विस्तारसँगै सहर बजारबाट गाउँघरमा चामल, गहुँलगायत अन्नबाली भित्रिन थालेपछि पोषिलो कोदो, फापर, जौंजस्ता स्थानीय अन्नबाली किसानले लगाउन छाड्दै गएका हुन् । स्वास्थ्यका लागि लाभदायक अन्न फलाउन छाडेर बजारमा पाइने प्याकेटका तयारी खाना खान थालेपछि एकातिर स्थानीय अन्न लोप हुँदै छन्, भने अर्कोतिर मानिसमा अनेक किसिमका रोगको संक्रमण बढ्न थालेको छ । धान, गहुँ र मकैजस्तै कोदोलाई किसानले महत्त्व नदिएका कारण यो लोप हुँदै गएको हो ।

गाउँघरमा परम्परागत रूपमा खेती गरिँदै आएको कोदो लोप हुने अवस्थामा छ भने सहर बजारमा यसको माग धेरै छ । बजारका ठूला-ठूला होटल रेस्टुराँ, होमस्टेमा कोदोको परिकार पाक्ने गर्दछ । कोदोबाट बनाइएको ढिँडो, सेलरोटीलगायतका परिकारमा ग्राहकको आकर्षण छ । घरबास (होमस्टे) मा विशेषगरी कोदोबाट विभिन्न परिकार बनाएर खुवाउने चलन पनि छ ।

कुनै समय गाउँघरमा बिहान साँझको जीविकाका लागि पाक्ने कोदो हिजोआज सहर बजारका ठूला-ठूला होटल, रेस्टुराँमा विभिन्न परिकार बनाएर बिक्री हुन थालेपछि पछिल्लो समय भने कोदोको परिचय बदलिएको छ । अहिले गाउँघरमा कोदोको परिकार खासै पाक्दैनन् तर सहर बजारका होटलमा यसको परिकार ग्राहकको रोजाइमा परेको छ । पहिला-पहिला कोदो गरिब, विपन्नको घरमा खाने अनाजको रूपमासमेत लिइन्थ्यो भने अहिले ठूला घर परिवारका सदस्यको रोजाइमा कोदो पर्दछ । *रासस*

# पक्की विद्यालय भवन निर्माणले पठनपाठनमा सहज



■ प्रभाव संवाददाता

**भोजपुर–** भूकम्पबाट जीर्ण बनेको भवनमा पढ्दै आएका विद्यार्थीलाई पक्की भवन बनेपछि सहज भएको छ । पौवादुङमा गाउँपालिका-३ को पञ्चकन्या माध्यमिक विद्यालयमा पक्की भवन बनेपछि पठनपाठनमा सहज भएको हो ।

नेपाल सरकार तथा साउदी अरब सरकारको सहयोगमा भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण गरिएको हो । १२ कोठा रहेको भवन भ्याटबाहेक तीन करोड २४ लाख रूपैयाँ लागतमा निर्माण गरिएको छ । भवन निर्माणका लागि पाँच करोड रूपैयाँको बोलपत्र आह्वान भएको थियो ।

प्रधानाध्यापक रामकुमार राईले भूकम्पबाट जीर्ण बनेको भवनको ठाउँमा नयाँ भवन बनेपछि सहजता भएको विद्यालयका बताए । 'भूकम्पले जीर्ण बनाएको भवनमा पठनपाठन गराउन समस्या थियो,' उनले भने, 'अहिले सुविधा सम्पन्न भूकम्प प्रतिरोधी भवन बनेको अवस्था छ, यसले हामीलाई पठनपाठन गराउन सहजता थपिएको छ ।'

भवन निर्माणले भावी दिनमा विद्यालयको शैक्षिक सुधारका क्षेत्रमा थप कार्यक्रम सञ्चालन गर्न ऊर्जा मिलेको उनको भनाइ छ । 'विद्यालयमा यो भवन बन्नु हाम्रा लागि गौरवको कुरा हो,' उनले भने, 'यसले विद्यालयलाई थप हौसला मिलेको छ, अबका दिनमा गुणस्तर सुधारमा योजनाबद्धरूपमा थप काम गर्छौं ।'

नवनिर्मित विद्यालय भवनको गाउँपालिका अध्यक्ष किरण राईले उद्घाटन गरेका छन् । गाउँपालिका अध्यक्ष राईले धेरै समयको अथक प्रयासपछि नमुना भवन निर्माण गर्न सफल भएको बताए ।

'धेरै समयको मिहेनतपछि नमूना विद्यालय भवन निर्माण गर्न सफल भएका छौं,' अध्यक्ष राईले भने, 'भवन निर्माणका लागि १७ महिना काठमाडौंका विभिन्न मन्त्रालय तथा कार्यालय धाएको छु, यो भवनका लागि हामीले निकै मिहेनत गरेका छौं ।'

गाउँपालिकाको शैक्षिक सुधारका लागि योजनाबद्धरूपमा काम भइरहेकाले यसबाट गुणात्मक परिणाम लिन सबै जिम्मेवार बन्नुपर्ने आवश्यक रहेको अध्यक्ष राईले बताए । गाउँपालिकाले प्राविधिकसँगै आधुनिक शिक्षामा जोड दिएको उनको भनाइ छ ।

गाउँपालिकाले पाएको कुशल नेतृत्वको कारण विकासले गति लिएको भूतपूर्व विद्यार्थी संघका सचिव काजीमान थापाले बताए । भूतपूर्व विद्यार्थीहरूले पनि विद्यालयको शैक्षिक सुधारका लागि आवश्यक सहयोग गर्ने उनले बताए ।

शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख रुद्र राईले जिल्लामा नै नमूना भवन बनेको बताए । भवन निर्माणका लागि गाउँपालिकाले खेलेको भूमिका प्रशंसायोग्य रहेको उनको भनाइ छ । विद्यालयको शैक्षिक सुधारका लागि काम भइरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष राईले जानकारी दिए ।

# स्यार्पुमा पर्यटक बढ्दा आर्थिकरूपमा स्थानीयलाई लाभ

**रुकुमपश्चिम–** नेपालका एक सय पर्यटकीय गन्तव्यस्थलमध्येको बाँफीकोट गाउँपालिकामा रहेको स्यार्पु ताल पनि एक हो । सो ताल जिल्लाको भने मुख्य पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । ताल अवलोकनका लागि आन्तरिकसँगै बाह्य पर्यटकसमेत आउने गरेका छन् ।

वडा नं ३ र ५ को बीचमा पर्ने स्यार्पु तालले असारदेखि कात्तिकसम्म भरिभराउ भएर जो कसैको पनि मन लोभ्याइरहेको हुन्छ । सिमै छरी लेकबाट दादुरे हुँदै झर्ने निश्चल पानीले स्यार्पुलाई थप सुन्दर बनाएको छ । स्यार्पुगाउँ र दह गाउँको काखमा रहेको सुन्दर स्यार्पुले यहाँका स्थानीयलाई आन्तरिक तथा बाह्य पर्यटक आउँदा आर्थिकरूपमा टेवा पुर्‍याएको छ ।

करिब २.६ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको स्यार्पु तालको आकार भने वर्षा र हिउँदमा फरक हुन्छ । हिउँदको तुलनामा वर्षामा तालको आकार दोब्बर बढी हुन्छ । असारबाट भरिन सुरु गरेको ताल साउनको अन्तिमतिर आइपुग्दा पूरा भरिन्छ । स्यार्पु ताल अवलोकन गर्ने पर्यटकको संख्या पनि यो बेला धेरै हुने गरेको छ ।

शनिबारको समय मिलाएर फ्रेस हुन बिदाको दिन छिमेकी जिल्ला रुकुमपूर्व, सल्यान, रोल्पाबाट पनि पर्यटक आउने गर्छन् । ताल अवलोकनका लागि 'बोटिङ' गरेर आन्नद लिने भएकाले पनि स्यार्पु तालमा थप पर्यटकको आकर्षण हुने गरेको छ । तालमा आइसकेपछि तालको चारैतिर घुम्न आधुनिक डुंगाको व्यवस्था छ ।

आधुनिक डुंगा राखिनु तथा खान र बस्नका लागि घरबास सञ्चालन गरिनुले स्यार्पु घुम्न आउनेको संख्यामा वृद्धि भएको स्थानीय भूपेन्द्र मल्लले बताए । 'मान्छेहरू छुट्टी मनाउनका लागि आउने गरेका छन्, ताल हेर्न आएकाहरू डुंगा नचढी फर्किंदैनन्, तालले गर्दा स्थानीयको आयस्रोतसमेत बढेको छ,' मल्लले भने । स्यार्पु तालको छेउमै तालको प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको थियो ।

स्यार्पु ताललाई देशविदेशमा प्रचारप्रसार गरी बाह्य तथा आन्तरिक पर्यटक बढाउने उद्देश्यले महोत्सव आयोजना गरिएको लोकदोहोरी गीत प्रतिष्ठान जिल्ला शाखा अध्यक्ष तुल देवकोटाले जानकारी दिए । यही असोज ११ देखि २१ गतेसम्म महोत्सव आयोजना गरिएको थियो । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अस्थिरता निम्त्याउने खेल बन्द गर

**कोशीको पछिल्लो परिदृश्यले सिंगो देशकै राजनीतिक कोर्स परिवर्तन हुनसक्ने देखिएको छ । यसको कारक गठबन्धनको मुख्य दल नेपाली कांग्रेसको संस्थापनइतर पक्ष बन्ने प्रस्ट भएको छ । यो पक्षको मूल नेता डा. शेखर कोइराला हुन् ।**

**असन्तुष्टिका नाममा यो पक्षले कोशीमा गठबन्धनइतर दल एमालेसँग हातेमालो गर्‍यो । जुन कांग्रेस सभापति शेरबहादुर देउवादेखि प्रधानमन्त्री पुष्पकमल दाहालसम्मको चाहना होइन । उनीहरू कोशीको बाछिटा अन्य प्रदेश हुँदै संघसम्मै पर्नेमा चिन्तित देखिएका छन् । त्यही भएर देउवा र दाहालले शेखरलाई बालुवाटार बोलाएर 'गठबन्धन कमजोर नबनाउने' लिखित प्रतिबद्धता जनाए, जनाउन लगाए ।**

**तर, कोशीमा कांग्रेसको कोइराला पक्ष र एमालेको सरकार गठन हुने सम्भावना छ । यसो हुँदा त्यहाँ कांग्रेसकै संस्थापन पक्ष र माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) सत्ताबाहिर हुनेछन् । अर्थात्, प्रतिपक्षको भूमिकामा यी दलहरू हुनेछन् । यसले गठबन्धन दलहरूबीच खटपट पैदा हुने देखिन्छ । त्यस्तो अवस्थामा मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश हुँदै संघीय सरकारसम्मै खतराको घण्टी नबज्ला भन्न सकिँदैन । जसले राजनीतिक अस्थिरताको विजारोपण गर्न सक्छ ।**

**आमनिर्वाचनको बेला भने दलहरूले राजनीतिक स्थिरता र सरकारको स्थायित्वको पक्षमा नारा लगाएका थिए । जुन देशको समृद्धि र विकासका लागि अपरिहार्य भनिएको थियो । तर, कोशी प्रदेशमा विकसित राजनीतिक घटनाक्रमले यसलाई खण्डित गरेको छ । वर्तमान गठबन्धन भत्किएर अर्को (एमाले–कोइराला पक्ष) गठबन्धन बन्ने सम्भावनालाई नकार्न सकिँदैन ।**

**यसप्रति माओवादी नेताहरू आशंका पनि गरिरहेका छन् । कोइराला समूहले एमालेसँग भित्रभित्रै मिलेर पुष्पकमल दाहाल नेतृत्वको सरकार ढाल्न कसरत गरिरहेको घरिघरी भन्ने गरेका छन् । उसो त कोइरालाले सार्वजनिक मञ्चबाटै दाहाल सरकार विस्थापित गरी कांग्रेसको नेतृत्वमा सरकार बनाउनुपर्ने अभिव्यक्ति पनि दिँदै आएका छन् । दाहाल सरकारको निरन्तरताको सवाललाई लिएर कोइरालापक्षीय महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासमेत अनुदार हुँदै गएका छन् ।**

**यहीबेला एमालेले माओवादीविनाको सरकारको पक्षमा वकालत गरिरहेको छ । कांग्रेससँग मिलेर संघ र प्रदेश सरकार गठन गर्ने प्रस्ताव गर्न थालेको छ । यसबारे थप खुलासा गर्दै एमाले नेता शेरबहादुर तामाङले भनिसकेका छन्, 'कांग्रेससँग मिलेर सरकार बनाउन चाहेको छौं । तर, त्यसमा कांग्रेसले खुट्टा टेक्न सकेको छैन ।'**

**यी पछिल्ला घटनाक्रम र नेताहरूका अभिव्यक्तिले देश फेरि अस्थिरताको भङ्खालोमा पर्ने देखिएको छ । जबकि, एकातिर देशको अर्थतन्त्र पूर्णरूपमा अझै सबल भइसकेको छैन भने अर्कातिर दक्षिणपन्थी शक्तिहरूले टाउको उठाउन थालेका छन् । देशको ठाउँठाउँमा धार्मिक तथा साम्प्रदायिक भड्काउको स्थिति पनि जीवितै छ । यसकारण, दलहरू राजनीतिक खिचातानीमा लागेर अस्थिरता पैदा गराउने खेलमा लाग्नु हुँदैन । जुन नेपाली जनताको चाहना पनि होइन । निर्वाचनताका प्रतिबद्धता पनि होइन । यसप्रति दलहरूको ध्यान जाओस् । मुलुकमा फेरि अस्थिरता निम्त्याउने खेल बन्द गर ।**

# स्वर्णयुगको अँध्यारो पाटो



▶▶ चेतन अधिकारी

खासमा मानव स्रोतको अब्बल उपयोग हुनुपर्ने नेपालमा अहिलेको अवस्था आउनु दुःखद् नै हो । कलकारखाना, उद्योगधन्दा, रोजगारी, गुणस्तरीय शिक्षा, सरल र अब्बल दर्जाको स्वास्थ्य सेवा पाउनुपर्ने समय थियो यो । यदि त्यसो हुन्थ्यो भने नेपालीहरु नेपालमै हुन्थे । विद्यार्थीहरु पढ्न विदेश जानुपर्ने थिएन । सामाजिक सुरक्षालगायतको उचित प्रबन्ध राज्यले गरिदिने हो भने आफ्नो घरपरिवारसँग बसेर रमाइलो साट्थे सबै नेपाली युवाहरूले । तर विडम्बना विश्वले नेपालको जनसांख्यिक सूचक हेर्दा स्वर्ण युगमा देख्छन् तर स्वर्ण युगभित्रको अँध्यारो पाटो कसले देख्ने ?

हिमाल पहाड तराईको संगमस्थल नेपाल । पर्यटकीय दृष्टिकोण संसारकै अब्बलमध्येको एक देश नेपाल । सगरमाथादेखि केचनासम्मको देश नेपाल । यस्तो सुन्दर देशमा बस्ने नेपाली पनि सुन्दर हुने नै भए । त्यसमाथि हाम्रो देशको जनसंख्याको बनावट यतिबेला झन् सुन्दर देखिन्छ । 'कन्ट्री अफ युथ' अर्थात् युवाको देश नेपाल भनिने नेपाल अहिले सुनौलो युगमा छ । तथापि, स्वर्ण युगलाई नेपालले नै उपयोग गरिरहेको छ कि अरु कसैले ? अहिलेको अह प्रश्न हो यो ।

प्राकृतिक स्रोतको सीमितताका कारण मानव स्रोत विश्वको वैकल्पिक सम्पदा हो । नेपाल अहिले त्यस्तै अथाह सम्भावनायुक्त मानव स्रोतको भण्डार बोकेर बसेको छ । तर यो भण्डारलाई हामीले उपयोग गर्न सकेका छौं कि छैनौं ? यो बहसको विषय हो । निश्चय नै मानव स्रोतयुक्त अहिलेको अवस्थालाई नेपालले उपयोग गर्न सकेको छैन । बरु यहाँबाट समृद्धिका हरेक सम्भावना हरेक दिन जेट विमान चढेर विश्वका विभिन्न देशका पुगिरहेका छन् ।

नेपाल जनसांख्यिक हिसाबले इतिहासकै सबैभन्दा उर्वर समयमा छ । जनसंख्यासँग सम्बन्धित विभिन्न सूचकहरूले यस कुरालाई प्रमाणित गरेका छन् । कामगरी काम गरेर खानसक्ने सक्रिय जनसंख्या (१५-५९) वर्ष उमेर समूहका मानिसहरू कूल जनसंख्यामा ६१.९६ प्रतिशत रहेका छन् । नेपालको जनसंख्यिक इतिहासमा सक्रिय जनसंख्या यति धेरै भएको समय पहिलोपटक हो । त्यस्तै १४ वर्षभन्दा मुनिका बालबालिका र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक पनि न्यून भएको समय हो, अहिले । यसको अर्थ नेपालमा काम गर्न सक्ने मानिससँग आश्रित हुने जनसंख्यामा इतिहासमा नै उच्च गिरावट आएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको आश्रित जनसंख्या ३८.०४ प्रतिशत छ । जसमा १४ वर्षभन्दा कम उमेरका बालबालिका २७.८३ र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक १०.२१ प्रतिशत रहेका छन् । उपरोक्त तथ्यांक हेरेपछि भन्न सकिन्छ नेपाल इतिहासकै उज्यालो युगमा छ । इतिहासकै सम्भावनायुक्त समयमा छ । इतिहासकै आर्थिक सूचक उच्च बनाउने समयमा छ । तर यी सम्भावनामाथि नेपाली आकाशमा केही बादलहरू पनि मडारिएका छन् । तिनको केही विश्लेषण गरौं ।

### स्वर्णयुगको अँध्यारो पाटो

तथ्यांकले नेपालमा युवा जनशक्ति र समृद्धिको अथाह सम्भावना देखिए पनि त्यो समृद्धिको स्रोतको उपभोग विदेशीले गरिरहेको देखाउँछ । नेपालमा भविष्यको सुनिश्चितता नदेखेर, राज्य व्यवस्थाले युवालाई अवसर दिन नसकेर र युवामा आशा सञ्चार गराउन नसकेका कारण नेपाली युवाले देश छोडिरहेका छन् । जनगणनाले २३ प्रतिशत घरका युवा वैदेशिक रोजगारीमा गएको देखाएको छ । आखिर मानिसहरू किन विदेश गइरहेका छन् त ? गायक तेजेन्द्र गन्धर्वको एउटा गीतको टुक्राले मानिस विदेश जानुको कारण स्पष्ट बनाएको छ । यो गीतको टुक्रालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

*हे आमा मीठो खाने राम्रो लाउने आशले...*
*विदेश जान थाले झन्झन् हाम्रा गाउँले ।*
*गाउँबस्ती दिनदिनै खाली हुन थाले...*
*सन्तानको साथ पाउन छाडे आमा बाले ।*

सारंगीको धुनमा युटचुबमा भेटिने यो गीतले जो कोही नेपालीलाई पनि भावुक बनाउँछ नै । आफ्नो गाउँ छोडेर किन कोही वैदेशिक रोजगारीमा जान्छ ? यसको सहज जवाफ छ मीठो खाने, राम्रो लाउने, सन्तानलाई राम्रो शिक्षा दिने आदि चाहनाले मानिसहरू घर परिवार छोडेर वैदेशिक यात्रामा उडिरहेका छन् । अब प्रश्न उठ्छ यदि उनीहरूको मीठो खाने, राम्रो लाउने चाहेको जस्तो शिक्षा पाउने चाहना स्वदेशमै पूरा भए उनीहरू श्रीमती, श्रीमान्, छोराछोरी र बाबुआमा छोडेर विदेश जान्थे होलान् त ? पक्कै पनि जाने थिएनन् । तर हाम्रो राज्य संरचनाले नेपाली युवाका यी साना साना सपना पनि पूरा गर्न सकेन । त्यसैको फलस्वरूप समृद्धिका स्रोतको रूपमा करिब २२ लाख युवा अहिले नेपालबाहिर आफ्नो श्रम र पसिना बगाइरहेका छन् । यो तथ्यांक केबल औपचारिक च्यानलबाट वैदेशिक रोजगारीमा गएकाहरूको हो । अनौपचारिक च्यानल र खुला सिमानाको उपयोग गर्दै भारत र त्यहाँमार्फत विभिन्न देश पुगेका नेपाली युवाहरूको तथ्यांक यहाँ समावेश छैन ।

नेपालको युवा जनसंख्यामध्ये अर्को एउटा समूह छ, जो उच्च शिक्षाका नाममा नेपाली रूपैयाँसहित विदेशका विश्वविद्यालयमा पढ्ने बहानामा दैनिकरूपमा जेट विमानको यात्रा गरिरहेको छ । कक्षा १२ सकेर उच्च शिक्षाका नाममा विदेशका विश्वविद्यालयमा अग्रिम शुल्क बुझाएर विदेशिएका अधिकांश विद्यार्थी स्वदेश नफर्कने मात्र होइन, उनीहरूसँग ठूलो मात्रामा नेपाली रूपैयाँ पनि डलर बनेर विदेशिरहेको छ । नेपालमा गुणस्तरीय शिक्षा र त्यसपछिको रोजगारीको अभावलाई कारण मान्दै विदेशिएको यो किशोर समूह देशका लागि झन् घातकसिद्ध भएको छ । किनकि वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका नेपाली युवाहरू स्वदेश फर्कने सम्भावना पनि उत्तिकै हुन्छ भने उनीहरूले पठाएको रेमिटचान्स केही वर्षयता परिवारमात्र होइन, देशको अर्थतन्त्रको बलियो टेको पनि भएको छ । तर अध्ययनका नाममा विदेसिएकाहरूले आफूसँगै नेपालको अर्थतन्त्र पनि लिएर गएका छन् ।

माथिको तालिकामा नेपालबाट विदेशिएका नेपालीहरूको तथ्यांक उल्लेख गरिएको छ । उमेर समूहकै आधारमा विभाजन नगरिएको भए पनि यिनीहरू अधिकांश वैदेशिक रोजगारीमा गएका १८ देखि ५० वर्ष उमेर समूहका मानिस हुन् भन्ने कुराको अनुमान लगाउन खास गाह्रो छैन । अहिले २१ लाख ९० हजार ५९२ जना नेपाली वैदेशिक रोजगारीमा छन् । त्यसमध्ये पुरुषको संख्या १७ लाख ९९ हजार ६७५ र महिलाको संख्या तीन लाख ९० हजार ९१७ जना रहेको छ । यसरी विदेश जानेमध्ये सहरी क्षेत्रको संख्या उल्लेख्य छ । नेपालको नगरपालिका अर्थात् सहरी क्षेत्रका बासिन्दामध्ये १४ लाख ६८ हजार १७ जना वैदेशिक रोजगारीमा गएका छन् ।

नफर्किने गरी रोजीरोजी विश्वका सम्भ्रान्त देशतर्फ लम्किएका छन् । त्यता जान नसक्ने युवा र वयस्कहरू खाडीका देशमा पसिना र श्रम बेच्न जानुपर्ने बाध्यतामा छन् । खुला सिमानाको प्रयोग गरेर भारतमा रोजगारी गर्न जानेहरूको त हिसाबै छैन ।

घट्दो जन्मदर, घट्दो मृत्युदर बढ्दो शैक्षिक र आर्थिक अवस्था, बढ्दो औसत आयु आदि कारणले नेपाल जनसांख्यिक लाभको सुनौलो समयमा छ । तर यो सुनौलो समयलाई नेपालले उपभोग गर्न नसक्नु यसको अँध्यारो पक्ष हो । जनसंख्याको यही पलायनता निरन्तरता हुँदै जाने हो भने कुनै बेला नेपालमा 'डेमोग्राफिक क्राइसिस' पो आउने हो कि भन्ने चिन्ता पनि व्याप्त छ । किनकि बच्चा जन्माउने दर जन्मदर प्रतिमहिला दुईभन्दा कम भएको छ । मानिसले विवाहप्रतिको चाहनालाई पछि सार्दै ढिलो विवाहको संस्कार विकसित भइरहेको छ । हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋृणात्मक छ । एक दशकअघि २७ जिल्लाको जनसंख्या वृद्धिदर ऋृणात्मक थियो । यसपटक थप सातवटा जिल्लाले जनसंख्या गुमाए ।

खासमा मानव स्रोतको अब्बल उपयोग हुनुपर्ने नेपालमा अहिलेको अवस्था आउनु दुःखद् नै हो । कलकारखाना, उद्योगधन्दा, रोजगारी, गुणस्तरीय शिक्षा, सरल र अब्बल दर्जाको स्वास्थ्य सेवा पाउनुपर्ने समय थियो यो । यदि त्यसो हुन्थ्यो भने नेपालीहरू नेपालमै हुन्थे । विद्यार्थीहरू पढ्न विदेश जानुपर्ने थिएन । सामाजिक सुरक्षालगायतको उचित प्रबन्ध राज्यले गरिदिने हो भने आफ्नो घरपरिवारसँग बसेर रमाइलो साट्थे सबै नेपाली युवाहरूले । तर विडम्बना विश्वले नेपालको जनसांख्यिक सूचक हेर्दा स्वर्ण युगमा देख्छन् तर स्वर्ण युगभित्रको अँध्यारो पाटो कसले देख्ने ? नेपाली श्रमिकले पठाएको रेमिटचान्सको धिपधिपे उज्यालोबाहेक स्वर्णयुगमा गर्व गर्न लायक कुरा नेपालले पाएको छैन । जन्मदरको घट्दो ग्राफ र विदेश जानेको लम्बिँदो रेखा देख्दा लाग्छ नेपाल कुनै 'डि पपुलेटेड' देशका रूपमा दर्ज हुने पो हो कि । सायद नेपालको यस्तै परिदृष्यलाई देखेर होला कवि अर्जुन पराजुलीले केही दिनअघि सामाजिक सञ्जालमा यस्तो कविता लेखेका थिए

*केही वर्षपछि मेरो देशमा*
*सटर हुनेछन्, पसल हुने छैनन्*
*जमिन हुनेछ, फसल हुने छैनन्*
*अस्पताल हुनेछन्, नर्स हुने छैनन्*
*बिरामी हुनेछन्, डाक्टर हुने छैनन् ।*

*(रासस)*

#### कुन प्रदेशबाट कति युवा विदेशमा ?

| प्रदेश | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| कोशी | ३,४३,०३४ | २,८६,६३१ | ५६,४०४ |
| मधेस | ३०,४२,६८६ | २,९२,४२७ | ११,८५९ |
| बागमती | ३,९७,९३० | २,८०,१२० | १,१७,८१० |
| गण्डकी | २,८६,५९३ | २,३९,७८८ | ४६,८०५ |
| लुम्बिनी | ४,२०,९०६ | ३६,७६७० | ५३,२३६ |
| कर्णाली | ९४,३२० | ७७,२७८ | १७,०४२ |
| सुदूरपश्चिम | ३,४३,५२३ | २,५५,७६१ | ८७,७६२ |
| जम्मा | २१,९०,५९२ | १७,९९,६७५ | ३,९०,९१७ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

गाउँपालिका अर्थात् ग्रामीण क्षेत्रबाट सात लाख २२ हजार ७५ जना वैदेशिक रोजगारीमा छन् ।

भौगोलिक हिसाबले हेर्दा सबैभन्दा ठूलो संख्याको जनसंख्या तराईले ओगटेजस्तै सबैभन्दा ठूलो संख्यामा विदेश जानेहरू तराई क्षेत्रबाट नै छन् । तराईबाट १० लाख ८३ हजार ८०९ जना वैदेशिक रोजगारीमा गएका छन् । पहाडी क्षेत्रबाट नौ लाख ९० हजार ७२३ जना विदेशमा छन् । हिमाली क्षेत्रबाट एक लाख १६ हजार ६० जना वैदेशिक रोजगारीका लागि गाउँ छोडेको देखिन्छ ।

वैदेशिक रोजगारीपछि अर्को एउटा दुःखलाग्दो दृश्य हामीले देखिरहेका छौं । हरेक दिन साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'उज्ज्वल भविष्यको कामना' गर्दै किशोर उमेरमा हजारौं नानीबाबुहरूलाई विदेश पठाइरहेका छौं । विदेशमा उज्ज्वल भविष्यको कामना गर्ने हामीहरू स्वदेशमै त्यो भविष्य खोज्न कतै चुकिरहेका छौं कि भन्ने लागेको छ । गत जेठमा कक्षा १२ को परीक्षा सकिएपछि एक संस्थाले ती परीक्षार्थीमा गरेको सर्वेक्षणअनुसार १२ कक्षाको परीक्षा दिएका करिब पाँच लाख विद्यार्थीमध्ये ८८ प्रतिशतले आफूले विदेश जान चाहेको बताएका थिए । देशको भविष्य आफ्नो काँधमा बोक्नुपर्ने नवयुवा

## मननयोग्य

### चाणक्य नीति

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्तिसम्पन्न राज्य हो ।

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गर्‍यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी 'अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन' भन्ने बोली निस्कियो' मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।'

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे । यस्तैमा पुनः यात्रा आरम्भ भयो । चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो । पहिले निराश्रित, अहिलेको ४५ वर्षे अनुभव प्राप्त लौहपुरुष सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामार्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा सँगठित भारतवर्ष बनाउने आकांक्षा थियो ।

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे । राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए । विष्णुगुप्तका स्वागत गरे ।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे ।

## पत्र–मञ्जुषा

# घरजग्गा कारोबारः विगतमा मालामाल, अहिले रूवाबासी

राज्यको राजस्वको प्रमुख स्रोत थियो, मालपोत र यातायात कार्यालय । यी कार्यालय वरपर सटर पाउन होडबाजी चल्थ्यो । सानो सटरको लाखौं रूपैयाँ तिर्छु भन्दासमेत मालपोत र यातायात कार्यालय वरपर सटर पाउन मुस्किल हुन्थ्यो । यो कुरा हो करिब दुई वर्ष अगाडिको । तर, पछिल्लो समय मालपोत र यातायात कार्यालय वरपर प्रशस्तै खाली सटर भेटिन्छन् ।

त्यस्तै, कोठा, फ्ल्याट पनि त्यत्तिकै खाली छ । दुई वर्षअघि मालपोत र यातायात कार्यालयमा जग्गा किन्ने तथा सवारीसाधन दर्ता तथा नामसारी गर्नेको लर्को हुन्थ्यो । खुट्टा टेक्नेसमेत ठाउँ हुँदैनथ्यो । काठमाडौं उपत्यकालगायत मुलुकभरका मालपोत र यातायात कार्यालय भीडभाडले थेगिनसक्नु हुन्थ्यो । अहिले मालपोत र यातायात कार्यालय सुनसान छ ।

मालपोत र यातायात कार्यालयको अवस्थाबाटै बजारमा घरजग्गा र गाडीको किनबेचमा मन्दी छाएको थाहा पाइन्छ । सरकारले जग्गाको कारोबार बढ्छ भनेर कित्ताकाट त फुकुवा गर्‍यो । तर, कारोबार भने बढेन । तीन दशकअघि आनाको पाँच हजार नपर्ने खेतीयोग्य जमिन दलालीहरूले खण्डीकरण गरेर आनाकै ८५ लाखसम्ममा बेचे ।

त्यो ८५ लाख आनामा जग्गा किन्नेहरूलाई अहिले मर्नु कि बाँच्नु भइरहेको छ । पैसा खाँचो परेर, आपत परेर वा बिरामी भएर त्यहीँ जग्गा सस्तोमा बेच्छु भन्दासमेत किन्ने कोही छैन । घरजग्गामा लगानी गर्ने व्यक्ति त डुबी नै हाले सँगै सहकारी र बैंक तथा वित्तीय संस्था पनि नाजुक अवस्थामा पुगेको छ ।

सयौं वर्षअघि यो जमिन यही थियो । तर, त्यतिखेर हजार रूपैयाँ रोपनीमासमेत बिक्री हुँदैनथ्यो । केही वर्षअघिदेखि दलालीहरूले खेतीयोग्य जमिन तथा खेतबारी प्लानिङ वा खण्डीकरण गरेर आनाकै लाखौं रूपैयाँमा बेचे । यसले गर्दा एकातिर खेतीयोग्य जमिन मास्यो, अर्कातर्फ यसमा लगानी गर्नेहरूको बिल्लीबाठ हुनपुग्यो ।

घरजग्गामा खुबै फाइदा हुन्छ भनेर राजनीतिक दलका नेतादेखि सरकारी कर्मचारी, व्यापारी र आमसर्वसाधारणको यसमा ओइरो लाग्यो । घरजग्गा किन्ने र बेच्ने दुवै मालपोत कार्यालय जान्थे । सँगै परिवार र आफन्तजन पनि मालपोत कार्यालयमै जान्थे । जसले गर्दा मालपोत कार्यालय वरपरका पसललाई भ्याइनभ्याइ हुन्थ्यो ।

उनीहरूलाई बस्नेसमेत फुर्सद हुँदैनथ्यो । तर, घरजग्गाको कारोबारमा मन्दी आएपछि वा मालपोत कार्यालय सुनसान भएपछि कानुन व्यवसायीदेखि व्यापारीहरूकोसमेत आम्दानीमा गिरावट आएको छ । सटर, कोठा र फ्ल्याट पनि खाली हुन पुग्यो । मालपोत कार्यालय वपरका घरधनीहरूले एउटा सटरको मासिक भाडा २५ हजारदेखि ११ लाख रूपैयाँसम्म लिन्थे । एक फ्ल्याट ३० हजारदेखि दुई लाख र एउटा कोठाको १० हजारदेखि २० हजार रूपैयाँसम्म लिन्थे । त्यस्तै, खाली सटर पाँच लाखदेखि ५० लाख रूपैयाँसम्ममा खरिदबिक्री हुन्थ्यो ।

छ महिनाको भाडा सुरुमै उठाइन्थ्यो । मालपोत कार्यालय वरपरका घर किन्न पाए मासिक यति धेरै भाडा आउँछ र जग्गाको मूल्य पनि बढिरहन्छ भनेर मानिसहरूको ओइरो लाग्थ्यो । तर, मालपोत कार्यालय वरपरका घरधनीहरू अहिले टाउकोमा हात समातेर बस्न बाध्य छन् । न घर बेच्छु भन्दा किन्ने मान्छे नै पाइन्छ न सटर र कोठा नै भाडामा जान्छ ।

मालपोत कार्यालय वरपर सटर लिएर व्यापारी गर्दै आइरहेका अधिकांशले त भाडा तिर्न नसकेर छोडिहाले तर जसोतसो चलाइरहेकाहरू पनि कहिलेकाहीँ त बोहनी पनि नहुने बताउँछन् । वर्षमा छ महिना पानी पर्छ, छ महिना हिउँद हुन्छ । दलालीहरूले जग्गाको मूल्य बढिरहन्छ र सर्वसाधारणलाई ठगिरहन पाइन्छ भनेर सोचेका थिए ।

सरकारले आनाको एक लाख निर्धारण गरेको जग्गा लाखदेखि करोडसम्ममा बेचे । यता, आनाको ६० लाख हालेर किन्नेले ८० लाखमा बेच्छु भनेर किनेका थिए । अहिले ८० लाखको त कुरै छोडौं, पाँच लाखसमेत नआउने अवस्था आएको छ । महँगोमा जग्गा किन्ने त डुबि नै हाल्यो सँगै दलालीहरूको काम पनि सुक्यो ।

कुनै बेला पानीसमेत महँगो होटल, रेस्टुरेन्ट गएर खाने जग्गा दलालीहरू आज दिनरात नै भट्टी पसलमा बिताउँछन् । मानिसहरूले जग्गा किने । त्यही जग्गामा महँगा-महँगा इँटा, ढुंगा, सिमेन्ट, फलाम, सिसा, मार्बल हालेर घर बनाए । उनीहरूको सोच थियो, यो घर चार/पाँच करोडमा त सजिलै बिक्री हुन्छ ।

तर, अहिले बैंकबाट लिएको कर्जा तिर्न नसकेर त्यही घर एक/दुई करोडमा बेच्छुभन्दासमेत किन्ने कोही छैन । करोडौं लगानी गरेर बनाएको घर आज बैंकले लाखमै पचाइदिने भएको छ । फेरि बैंकले लिलाम गरेको त्यो घरजग्गा पनि किन्ने कोही छैन ।

पछिल्लो समय बजारमा धेरै सटर, कोठा र फ्ल्याट खाली भइसकेका छन् । खुलेका सटरहरूमा पनि व्यापार छैन । व्यापारीहरूको अनुहारमा निराशा छाएको छ । घरजग्गामा मन्दी आउँछ र यसको मूल्य घट्छ भनेर न सरकारले सोचेको थियो न जनताले । यसको मुख्य कारण सरकार बलियो नहुनु हो । अस्थिर राजनीतिको परिणाम हो । अझै पनि दलहरूको चेत खुलेको छैन । सरकार समस्या समाधानमा गम्भीर बनेको छैन । नेपाली जनताले यस्तो अवस्था कहिलेसम्म भोग्नुपर्ने हो, थाहा छैन ।

**– रुषा थापा, भक्तपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**दुर्गा भवानीको मूर्ति** | नेपालगञ्ज उपमहानगरपालिका-२ बागेश्वरी मन्दिर परिसरमा दुर्गा भवानीको मूर्ति सजाउँदै मूर्तिकार । *तस्बिर: भेषराज बस्नेत/रासस*

चिकित्सक कुटपिट प्रकरण

# दुईजना कारागार चलान, ७ जना धरौटीमा रिहा

**कास्की (प्रस)-** तीन साताअघि पोखराको मणिपाल शिक्षण अस्पतालका चिकित्सकमाथि कुटपिट गर्ने र अस्पताल तोडफोड गर्ने दुई जना कारागार चलान भएका छन् । उक्त घटनामा संलग्न सातजना जनही एक लाख रूपैयाँ धरौटी बुझाएर तारेखमा रिहा भएका छन् ।

प्रहरीले पक्राउ परेकालाई स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ अन्तर्गत हातपात, तालाबन्दी तथा तोडफोडजस्ता कार्य गर्न नहुने कसूरमा अनुसन्धान प्रक्रिया अगाडि बढाएको थियो । प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमार्फत अदालत पेस हुँदा कास्की जिल्ला अदालतबाट उनीहरूलाई कारबाहीको फैसला गरिएको हो । कारागार चलान हुनेमा पोखरा महानगरपालिका-१७ हनुमान टोलका सुशील कार्की र पोखरा-५ का विनय गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

यसैगरी घटनामा संलग्न पोखरा-४ का सुजित मुल्मी, पोखरा-५ का अभिनास गुरुङ, अरुण गुरुङ, पोखरा-९ का नितेश गुरुङ, विवेक गुरुङ र पोखरा-२० का मनिष थापा र पोखरा-११ प्रदीप गुरुङ जनही एक लाख रूपैयाँ धरौटी राखी तारेखमा छुटेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए । उनका अनुसार अझै पहिचान खुलेका १० जना र पहिचान नखुलेका अन्य व्यक्ति फरार रहेकाले खोजी भइरहेको छ ।

यही असोज ८ गते लमजुङ सुन्दरबजार नगरपालिका-६ की ५७ वर्षीया सुकमाया दुराको अस्पतालमा उपचारका क्रममा निधन भएपछि पोखरा महानगरपालिका-११ फूलबारीस्थित मणिपाल शिक्षण अस्पतालका चिकित्सकलाई मृतकका आफन्तले कुटपिट गरेका थिए । बिरामीको मृत्युपछि उपचारमा डाक्टरको लापरबाहीको कारण बिरामीको मृत्यु भएको र मृत्युको कारण खुलाउनुपर्ने माग राखी आन्दोलित भई उपचारमा संलग्न चिकित्सकलाई कुटपिट गरेका थिए ।

अस्पताल तोडफोड गरेपछि कास्की प्रहरीले नौ जनालाई पक्राउ गरी अनुसन्धान सुरु गरेको थियो । पोखराको मणिपालका अस्पतालको घटनालाई लिएर कास्कीसहित देशभरका चिकित्सकले आकस्मिकबाहेकको सेवा बन्द गरी आन्दोलनमा उत्रिएका थिए । सरकारले चिकित्सक कुटपिट गर्नेलाई पक्राउ गरी कानुनी कारबाहीको प्रतिबद्धता जनाएपछि चिकित्सक काममा फर्किएका थिए ।

# घुम्ती शिविरमार्फत गाउँगाउँमा सेवा

**ढोरपाटन, बागलुङ (प्रस)-** बागलुङको काठेखोला गाउँपालिकाले गाउँगाउँमै पुगेर नागरिकलाई सेवा दिन थालेको छ । गाउँपालिकाले घुम्ती शिविरमार्फत योजना सम्झौता, अपांगता परिचयपत्र वितरण र ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिरहेको छ ।

शिविरमा नसर्ने रोगको निःशुल्क स्वास्थ्य परीक्षण, आयुर्वेद स्वास्थ्य सेवा, कृषि एवं पशु सेवा, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवामा सहजीकरणसमेत गरिरहेको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए ।

गाउँपालिकाले आठवटै वडामा पुगी घुम्ती शिविरमार्फत नागरिकलाई सेवा प्रदान गर्न थालिएको अध्यक्ष थापाको भनाइ छ। हालसम्म वडा नं १ देखि ४ सम्ममा शिविर सञ्चालन गर्दा पालिकाले चालु आर्थिक वर्षका विभिन्न ७० योजना सम्झौता गरिसकेको उनले बताए । नागरिकलाई सहज सेवा र योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि गाउँगाउँमा पुगेर शिविर सञ्चालन गरेको अध्यक्ष थापा बताउँछन् ।

'यसपालि हामीहरू दूरदराजसम्म पुगेर नागरिकलाई सहज सेवा दिउँ भन्ने हिसाबले लागेका छौं, घुम्ती शिविरमा जनप्रतिनिधिमात्रै हुनुहुन्न, त्यहाँ कर्मचारी, स्वास्थ्यकर्मी, पशु तथा कृषि प्राविधिक पनि हुनुहुन्छ, गाउँघरमा हुने समस्या सोही स्थानबाटै समाधान गरौं भन्ने लागेको छ,' अध्यक्ष थापाले भने, 'हाम्रो मुख्य उद्देश्य दसैंअगावै योजना सम्झौता गरिसक्ने हो, समयमै सम्झौता भयो भने समयमै योजना कार्यान्वयन गर्न पनि सघाउ पुर्‍याउँछ, यसले गुणस्तरीय काममा पनि सघाउ पुग्नेछ ।'

वडा नं १ पालादेखि सुरु गरिएको शिविर वडा नं ८ लेखानीमा पुगेर सकिने उनको भनाइ छ । योजनाको प्रभावकारी कार्यान्वयन गराउने, पालिकाद्वारा हुने सेवा वडाबाटै उपलब्ध गराउने, सेवामा नागरिकको प्रभावकारी पहुँच बढाउने उद्देश्यका साथ एकीकृत घुम्ती शिविर गरिएको थापाले बताए ।हालसम्म शिविरमा ७६२ जनाको स्वास्थ्य परीक्षण, ८८४ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र, २१ जनालाई अपांगता परिचयपत्र, २७९ जनालाई आयुर्वेद सेवा, ४९१ जनालाई कृषि तथा पशु सेवा र पाँच जनालाई रोजगार सेवा उपलब्ध गराइएको पालिकाले जनाएको छ ।

# पर्यटक आकर्षित गर्ने माध्यम बन्यो संस्कृति



**म्याग्दी-** मुस्ताङको मौलिक कला र संस्कृति पर्यटक आकर्षित गर्ने माध्यम बनेको छ । धार्मिक र प्राकृतिकसँगै मुस्ताङका बासिन्दाले परम्परागत मौलिक कला तथा संस्कृतिको जगेर्ना गरेर पर्यटक भित्र्याउने माध्यम बनाएका हुन् ।

मुस्ताङमा तीर्थयात्री र पैदलयात्री मात्र नभएर संस्कृति, रहनसहन, जीवनशैलीको अध्ययन, अवलोकनका लागिसमेत पर्यटक आउने गरेका घरपझोङ गाउँपालिका-५ ठिनीस्थित थकाली सामुदायिक होमस्टे (घरबास)का सञ्चालक जुमा थकालीले बताए ।

'पृथक भूगोल, मुक्तिनाथ, दामोदरकुण्ड, कागबेनीजस्ता धार्मिक स्थल र ऐतिहासिक दरबारमात्र नभएर बस्तीअनुसार फरक-फरक संस्कृतिको पनि अवलोकन गर्न पाइन्छ,' उनले भने, 'भदौरे, कुमार जात्रा, लामा नाच, थार्तुङ, तिजी र फागुपूर्णिमाका अवसरमा देखाइने मौलिक गीत तथा नृत्यले पर्यटक आकर्षित गर्न तथा बसाइँ लम्बाउन सहयोग मिलेको छ ।'

ठिनी नजिकै रहेको घरपझोङ गाउँपालिका-५ हुसरकाङ डाँडास्थित कुछप तेरंगा गुम्बामा शुक्रबार सकिएको लामा नाच (धेक्याप) अवलोकन गर्न स्थानीयवासीका साथै स्वदेशी र विदेशी पर्यटकको बाक्लो उपस्थिति थियो । कुछप तेरंगा गुम्बा संरक्षण समितिका अध्यक्ष कुलबहादुर थकालीले लामा नाच अवलोकन गर्न स्थानीयवासीकै हाराहारीमा स्वदेशी, विदेशी पर्यटक र तीर्थयात्री आएका बताए ।

'पहिले-पहिले लामा नाच अवलोकन गर्न स्थानीयवासी मात्रै हुन्थे,' उनले भने, 'केही वर्षयता परम्परागत नाच प्रदर्शनी अवलोकन गर्न आउने पर्यटकको संख्या बढेको छ ।'

सडक यातायातको सुविधा, प्रचारप्रसार आदि कारण परम्परागत सांस्कृतिक मेला पर्वमा पर्यटकको सहभागिता बढेको थकालीको भनाइ छ । मुस्ताङको प्रमुख गुम्बामा वर्षमा एक पटक लामा नाच हुने गर्छ । कुछप तेरंगा गुम्बामा लामा नाच प्रदर्शनीका लागि यही असोज २३ गतेदेखि पूजाआजा सुरु भएको थियो ।

लामाहरूले उवाको पिठो, घिउलगायत सामग्रीको प्रयोग गरेर बनाएको पूजा सामग्रीलाई धार्मिक विधिअनुसार गुम्बामा भित्र्याएर सुरु भएको उक्त नाचको विधि ती सामग्री सेलाएपछि सकिएको गुम्बाका लामा सुवास थकालीले बताए ।

'पद्मसम्भवको पाला आठौं शताब्दीदेखि लामा नाच देखाउने चलन छ । देवताका विभिन्नरूपलाई लामा नाचमा प्रस्तुत गरिन्छ,' उनले भने, 'लामा नाच अवलोकन गरेमा पुण्य प्राप्त हुनुका साथै ग्रह दशा हट्ने र जीवनमा सफलता मिल्छ । १३ सय वर्षदेखिको लामा नाचलाई बचाएर राखेका छौं ।'

सो अवसरमा बौद्ध धर्मगुरु पद्मसम्भवको जीवनसँग सम्बन्धित सन्देशमूलक १३ प्रकारका नाच प्रदर्शन गरिएको थियो । हसन, टोपी बज्राचार्य, हयग्रीब, गुरु पद्मसम्भव, क्रोधी गुरु र सिंहमुखी, पञ्चदेवी, महाकाल, क्षेत्रपाल, महाराजा, जरायो, च्याहान दाता, दुष्ट राजा र एक डाकु शीर्षकको नाच प्रदर्शन गरिएको हो ।

लामा नाच अवलोकन गर्न आएका भारतको तामिलनाडुका रञ्जित झाले मुस्ताङ भ्रमणका क्रममा प्रकृति र धार्मिकसँगै फरक संस्कृतिको बारेमा जानकारी लिन पाएकामा खुसी व्यक्त गरे । अमेरिकी पर्यटक रेमिनले धेरै वर्ष पुरानो संस्कृति अझै जीवित देख्दा दंग परेको बताए ।

यसपालिको लामा नाच सञ्चालन गर्न बेलायतमा रहेका ठिनीवासीले आर्थिक सहयोग गरेका थिए । प्रवासीको सहयोगमा ठिनीदेखि गुम्बासम्म निःशुल्क बस, भक्तजनलाई भोजन र खाजाको व्यवस्थापन गरिएको थियो । बौद्ध धर्ममा माइला छोरा लामा बस्ने चलन छ । ठिनीमा हाल २२ जनाभन्दा बढी लामा छन् । ठिनीका लामाका साथै छिमेकी गाउँका पनि लामा नृत्यका लागि गुम्बामा आएका छन् । कुछप तेरंगा गुम्बाको धार्मिक र पर्यटकीय सम्भावना छ ।

पर्यटकीय गन्तव्यको रूपमा विकास भएको ढुम्बा तालको नजिकै डाँडामा रहेको गुम्बा परिसरबाट जोमसोम, ठिनी, मार्फा, स्याङलगायतका भूगोलको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ । *रासस*

# आंशिकरूपमा सञ्चालनमा आयो झुलाघाट नाका

**बैतडी (प्रस)-** भारतीय सीमानाका झुलाघाट अझै पूर्णरूपमा सञ्चालनमा आएको छैन । झुलाघाटस्थित महाकाली नदीमा रहेको झोलुंगे पुल मर्मत भइरहेकाले असोज ९ गतेदेखि आंशिकरूपमा मात्रै आवतजावत भइरहेको बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले जानकारी दिए ।

पुल मर्मतका लागि ४५ दिनको ठेक्का दिइएकाले अझै केही दिन आंशिकरूपमै आवतजावत हुने उनले बताए । प्रजिअ पन्थीका अनुसार पुल मर्मत भइरहेकाले बिहान ८ बजेर ४५ मिनेटदेखि दिउँसो १ बजेर १५ मिनेटसम्म र दिउँसो २ बजेर १५ मिनेटदेखि अपराह्न ४ बजेर १५ मिनेटसम्म आवागमन बन्द हुने गरेको छ ।

झुलाघाट पुलमा आंशिकरूपमा मात्रै आवतजावत भइरहेकाले दसैंका लागि यो नाका भएर घर फर्कनेलाई केही समस्या भएको प्रजिअ पन्थीले बताए । तोकिएको समयमा मात्रै आवतजावत गर्न पाइने उनको भनाइ थियो । 'भारतीय पक्षले उक्त पुल मर्मत काम गरिरहेको हो । पुलमा काठका नयाँ फल्याक राख्ने, खिया लागेको फलाम बदल्नेलगायत काम भइरहेको छ,' उनले भने ।

झोलुंगे पुल मर्मतका विषयमा सीमा समन्वय बैठकमा सहमति भएको र सोहीअनुसार पुल मर्मत भइरहेको जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ । सीमानाका झुलाघाटमा करिब १५० वर्षअघि इस्टइण्डिया कम्पनीले निर्माण गरेको उक्त पुलबाट आवतजावत गर्ने गरिएको छ । यो पुल जीर्ण भएकाले बेलाबेलामा मर्मतसम्भार गर्ने गरिएको हो ।

# मध्यपश्चिम विश्वविद्यालयको बेरुजु एक अर्ब

**कर्णाली-** एक दशकको अवधिमा मध्यपश्चिम विश्वविद्यालयको बेरुजु एक अर्ब १२ करोड ५८ लाख ७७ हजार रूपैयाँ पुगेको छ। विश्वविद्यालय प्रशासनले सुर्खेतको वीरेन्द्रनगरस्थित शुक्रबार केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन कार्यक्रममार्फत बेरुजु अवस्था सार्वजनिक गरेको हो ।

विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. नारायणप्रसाद पौडेलले स्थापनाकालमा उपकुलपति प्रा.डा. पदमलाल देवकोटा र रजिस्ट्रार सहप्रा.डा. ठगेन्द्रप्रसाद गिरी हुँदाका बखत आव २०६८/६९ मा ८३ लाख ९८ हजार रूपैयाँ तथा आव २०७८/७९ सम्ममा एक अर्ब १२ करोड ५७ लाख रूपैयाँ पुगेको बताए ।

'यसमा असुलउपर र सैद्धान्तिक एवं प्रक्रियागत बेरुजु परेको छ,' रजिस्ट्रार पौडेलले भने । वीरबहादुर पौडेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको थियो । उनले असुलउपर गर्ने बेरुजुमा ६३ लाख ६६ हजार रूपैयाँमा केही प्रतिशतमात्र असुल भएको बताए । रजिस्ट्रार पौडेलका अनुसार १२ करोड ४० लाख ५१ हजार रूपैयाँ बेरुजु सम्परीक्षण गरिएको छ। अझै करिब एक अर्ब रूपैयाँ बेरुजु विश्वविद्यालयले फर्स्योट गर्न बाँकी छ।




आर्थिक वर्ष २०७५/७६ मा उपकुलपति प्रा.डा. उपेन्द्रकुमार कोइराला र रजिस्ट्रार डा. महेन्द्रकुमार मल्लको पदावधिमा सबैभन्दा बढी ४० करोड ५९ लाख ६० हजार रूपैयाँ (३६.०४) प्रतिशत बेरुजु आएको उनले बताए । यहाँ असुलउपर गर्नुपर्ने बेरुजु पनि रहेको उनको भनाइ थियो । विश्वविद्यालयका उपकुलपति प्रा.डा. नन्दबहादुर सिंहले करिब १३ वर्षको बेरुजुलाई सबै आफ्नो पालामा गरेकोजस्तो गरेर सामाजिक सञ्जाल तथा समाचार माध्यमबाट आएपछि त्यसको भ्रम हटाउन पत्रकार सम्मेलन कार्यक्रम गरिएको बताए । *रासस*

# प्रभाव दैनिक

आइतबार, २८ असोज २०८० (Sunday, October 15, 2023)


रूपशाला

### हेमन्त कान्छाको 'आमा तिम्रो तस्बिर दैलैमा'

चर्चित गायक तथा सारंगीवादक हेमन्त कान्छा रसाइलीको नयाँ गीत 'आमा तिम्रो तस्बिर दैलैमा' सार्वजनिक भएको छ। खिमा नन्द खरेलको शब्द तथा सङ्गीत रहेको गीतमा कान्छाकै एरेन्ज रहेको छ। गीतको भिडियोमा पनि गायक कान्छा, रमा थपलिया र बाल कलाकार इभान चैसियारको अभिनय छ। भिडियोमा आमाको निधन भएपछि एक्लिएको छोराले पाउने दुःख र सङ्घर्ष देखाउन खोजिएको छ। भिडियो समेत गायक कान्छाले निर्देशन गरेका हुन्। भिडियोको पदम सुबेदीको सम्पादन र किरण चौसियारको छायांकन छ।



# एलिना र सजिनालाई डिजाइन एक्स्पोको उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२३' को विजेता एलिना ताम्राकार र सजिना सुवाल भए। क्याफे थिमतर्फ एलिना विजेता बन्दा थेसिसतर्फ सजिना विजेता घोषित भएकी हुन्। एक्स्पोमा क्याफे थिमतर्फ निखिला ढुङ्गाना दोस्रो, तिब्रता खड्काले तेस्रो बन्दा पब्लिक च्वाइस अवार्ड निशा खड्काले जितिन्।

थेसिस तर्फमा भने कविता किङ्ग्रिङ मगर दोस्रो, प्रमिता श्रेष्ठले तेस्रो हुँदा दिक्षित खड्काले पब्लिक च्वाइस अवार्ड प्राप्त गरिन्। विजेतालाई समापन समारोहमा प्रमुख अतिथि माल्टाका अबैतानिक बाणिज्य दुत तथा नेपाल चेम्बर अफ कमर्स काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठले अवार्ड, नगद तथा प्रमाण पत्र प्रदान गरे।

कार्यक्रममा संचारकर्मी सुशील नेपाल, बरिष्ठ गायक उदय सोताङ, द भ्वाइस अफ नेपालका निर्देशक लक्ष्मण पौडेल, एचआर प्रमुख सादिक्य आचार्य र फेसन डिजाइनर कुशुम श्रेष्ठ अथितिका रूपमा रहेका थिए।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनको आयोजना ललितलतपुरको पुल्चोकस्थित लबिम मलमा २५ र २६ गते (बिहिबार र शुक्रबार) आयोजित एक्स्पो ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, पुर्व मन्त्री भिमसेनदाश प्रधानलगायतको उद्घाटनसँगै सुरु भएको थियो।

प्रदर्शनि र प्रतिस्पर्धामा आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनमा अध्यायनरत ८० विद्यार्थीका इन्टरियर सम्बन्धि बिभिन्न सिर्जना राखिएका थिए।

एक्स्पोमा दुई प्रकारको प्रदर्शनी थियो। एउटा अध्यायन गरेर ६ महिना मात्र भएका बिदार्थीको क्याफे डिजाइन थिम र अर्को अर्को ग्राजुयट भएका बिद्यार्थीको थेसिस थिम। थेसिस बिद्यार्थी कसैको बुटिक, कसैको रिसोर्ट, कसैको अफिस लगायत थिमका डिजाइन तयार गरेको आईआईएफटीकी कार्यकारी निर्देशक बिपना थापाले बताइन्।

बर्जर पेन्टस् र प्राईम टाइलको मुख्य प्रायोजन रहेको प्रदर्शनीमा उद्घाटनमा मेयर महर्जनले ग्राजुयट बिद्यार्थीलाई सर्टिफिकेट समेत प्रदान गरेका थिए।

उद्घाटन कार्यक्रममा फेसन कोरियोग्राफर रोजिक शाक्य, चलचित्र पत्रकार संघका उपाध्यक्ष कुबेर गिरी, बरिष्ठ रंग पत्रकार तथा गीतकार डब्बु क्षेत्री लगायतको उपस्थिती रहेको थियो।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टरियर डिजाइन विगत एक दशकदेखि फेसन तथा इन्टेरियर डिजाइन सम्बन्धी अध्ययन गराउँदै आएको कलेज हो। आईआईएफटीले आफ्नो विद्यार्थीका सिर्जना आम जनमानसमा परिचित गराउने उद्देश्यले यो कार्यक्रम गर्दै आएको हो। फेसन डिजाइनमा १४ महिना र इन्टेरियर डिजाइनमा १५ महिनाको कोर्ष प्रदान गर्दै आएको आईआईएफटीका शाखाहरू काठमाडौंको हेरिटेज प्लाजा, बागबजारको बागबजार प्लाजा र ललितपुरको कुमारीपाटीमा छ।

नेपालकै ठुलो फेसन र इन्टेरियर अध्यापन संस्थाको रूपमा परिचित आईआईएफटीले आफ्नो अध्यापन गर्ने विद्यार्थीका लागि सिर्जना प्रस्तुत गर्न 'ड्रेस टु इम्प्रेस' फेसन शो, 'स्पेस एण्ड डिजाइन एक्स्पो' लगायत कार्यक्रम आयोजना गर्दै आएको छ।

# निवा बनिन् 'धरान मिस आइकन २०२३'



■ प्रभाव संवाददाता

**धरान–** धरान-१५ की निवा लिम्बूले मिस धरान आइकन २०२३ को उपाधि जितेकी छन्। मिस पर्सनालिटीको सबटाइटलसमेत जितेकी निवाले उत्कृष्ट ११ प्रतिस्पर्धीलाई पछि पार्दै उपाधिसँगै नगद ५० हजार रूपैयाँ र एक साताको हङकङ भ्रमणको अवसर प्राप्त गरेकी छन्।

मिस धरान आइकन २०२३ को फस्ट रनरअप मिस इन्टेलेक्चुअलको सब टाइटल पाएकी अनु राई घोषित भइन्। उनले नगद ३० हजार रूपैयाँसँगै ३ महिनाको निःशुल्क आइएलटिएस कोर्सको अवसर प्राप्त गरिन्। उनलाई मिस धरान आइकन २०२२ कि फर्स्ट रनर अप प्रेजिना राईले ताज लगाइदिए।

त्यस्तै मिस ब्युटिफुल कम्प्लेसनको सब टाइटल विजेता जेसिका जोशी सेकेण्ड रनरअप बनिन्। उनले नगद २० हजार रूपैयाँसँगै ३ महिनाको निःशुल्क आइएलटिएस कोर्स गर्ने अवसर प्राप्त गरिन्। उनलाई मिस धरान आइकन २०२२ कि सेकेन्ड रनर अप श्वेता विश्वकर्माले ताज लगाइदिएकी थिइन्।

सब-टाइटल अन्तर्गत मिस फोटो जेनिक समीक्षा चौधरी, मिस बेस्ट वाक रिया सेन्चुरी, मिस मल्टिमिडियासँगै मिस फ्रेण्डसिप दिवाना राई, मिस पब्लिक चोइस साइमना राई, मिस डिस्सिप्लिन विशाखा विष्ट, मिस एक्टिभ जुनु तामाङ, मिस कल्चरल ड्रेस सृष्टिका राई, मिस बेस्ट स्माइल एलिना तामाङ घोषित भए।

ब्ल्याक पिग इन्टरटेन्मेटको आयोजनामा भएको मिस धरान आइकनको दोस्रो संस्करणको निर्णायक मण्डलमा मेन्टर सेफ गगनमान श्रेष्ठसँगै अभिनेता सानुबाबा सुब्बा, डिएसपी डा श्रीबिन्दु शर्मा, डिपो स्कुलका फ्याकल्टी चिफ डा एनएल राजवंशी, शिक्षासेवी तथा उत्प्रेरक सुरेश राई, कवि सुदिप पाखिन र मिस पुर्वान्चल २०१९ कि सेकेन्ड रनरअप तथा लेक्चरर सिमरन लिम्बू रहेका थिए।

## रंगशाला

**विश्वकप क्रिकेट**

# भारतद्वारा पाकिस्तान पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** आईसीसी विश्वकप क्रिकेटमा भारतले पाकिस्तानलाई हराएको छ। अहमदाबादमा शनिबार भएको खेलमा भारतले पाकिस्तानलाई ७ विकेटले हराएको हो। पाकिस्तानले प्रस्तुत गरेको १ सय ९२ रनको सामान्य लक्ष्य पाकिस्तानले ३० दशमलव ३ ओभरमा मात्र ३ विकेट गुमाएर पुरा गर्‍यो। भारतका लागि कप्तान रोहित शर्माले ८६ रनको शानदार अर्धशतकीय इनिङ्स खेले। उनले ६३ बलमा ६ चौका र ६ छक्काको मदतले सो रन बनाएका हुन्।

श्रेयस एयरले अविजित ५३ रन बनाएको इनिङ्समा सुभमन गिल र विराट कोहलीले समान १६ रन बनाए। केएल राहुल १९ रनमा अविजित रहे। पाकिस्तानका साहिन साह अफ्रिदीले २ तथा हसन अलीले १ विकेट लिए।

यसअघि, पहिले ब्याटिङ गरेको पाकिस्तान ४२ दशमलव ५ बलमा १ सय ९१ रनमा समेटियो।

बाबर आजमले ५० रन बनाएको इनिङ्समा मोहमद रिजवानले ४९ रन बनाएका थिए। ओपनर इमाम उल हकले ३६ रन बनाउँदा अर्को ओपनर अब्दुल्लाह सफिकले २० रन बनाएका थिए। अर्का खेलाडी हसन अलीले १२ रन जोडे। अन्य कुनैपनि खेलाडीले दोहोरो अंकको स्कोर छुन सकेनन्।

भारतका जसप्रीत बुम्राहा, मोहमद सिराज, हार्दिक पाण्डेया, कुलदीप यादव र रबिन्द्र जडेजाले समान दुई दुई विकेट लिएका थिए। विश्वकपको लिग चरणमा दुवै टिम भिडेका हुन्। भारतले तीन खेलमा लगातार जित निकाल्दै ६ अंक जोडेर तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। पाकिस्तान तेस्रो खेलमा आएर भारतसँग हारेको हो। उसले चार अंक छ।

## रोनाल्डोको गोलमा पोर्चुगल युरोकपमा

**काठमाडौं (प्रस) –** पोर्चुगल युरोकप २०२४ मा छनोट भएको छ। शुक्रबार स्लोभाकियालाई ३-२ गोल अन्तरले हराउँदै पोर्चुगलले अर्को वर्ष जर्मनीमा हुने युरोकपमा स्थान पक्का गरेको हो।

समूह जीको खेलमा घरेलु टोली पोर्चुगल तीन खेल अगावै युरोकपमा छनोट भयो।

क्रिस्टियानो रोनाल्डोले दुई गोल गरेपछि पोर्चुगलको जित सम्भव बन्यो। गोन्कालो रामोसले पोर्चुगलका लागि पहिलो गोल गरेपनि रोनाल्डोले पेनाल्टी सहित दुई गोल गरेका थिए। उनले अन्तराष्ट्रिय फुटबलमा गोल संख्यालाई १ सय २५ पुर्‍याएका छन्। स्कोभाकियाका डेविड हेन्को र स्टानिस्लाव लोबोटकाले एक एक गोल गरेपनि टोलीको हार टार्न भने सकेनन्। छनोटका सबै ७ खेलमा पोर्चुगलले जित निकाल्दै आयोजक जर्मनी सहित बेल्जियम र फ्रान्ससँग युरोपकपका लागि छनोट भएको हो।

स्लोभाकिया समूह जीको दोस्रो स्थानमा छ। तेस्रो स्थानको लक्जमवर्गभन्दा दुई अंकले अघि रहदै उसले अघिल्लो चरण प्रवेशको सम्भावनालाई जिवितै राखेको छ।

# होमलाल काठमाडौं म्याराथन च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** त्रिभुवन आर्मी क्लवका होमलाल श्रेष्ठ शनिवार १५ औं काठमाडौं म्याराथनमा च्याम्पियन बन्न सफल भएका छन्। एनआरएस स्पोर्ट्स फाउण्डेसनको आयोजनामा सम्पन्न म्याराथनमा होमलालले खराब समय निकाले पनि त्यो च्याम्पियन बन्न पर्याप्त भयो।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालाबाट शुरु भएको म्याराथन ललितपुर र भक्तपुरकका विभिन्न स्थान हुँदै पुनः रंगशालामा पुगेर टुंगिएको थियो। ४२ किलोमिटरको सो म्याराथनमा होमलालले दुई घण्टा ३०.२५ मिनेट समयमा निकाले। जुन समय उनलाई च्याम्पियन बन्न पर्याप्त बनेको हो। एपिएफका सन्तोष बिष्ट दुई घन्टा ३७.०१ मिनेटका साथ उनका निकटतम प्रतिद्वन्दी रहे। एपिएफका राजन चौधरी तेस्रो स्थान रहे।

उनले दुई घण्टा ४३.०१ मिनेट समयमा दूरी पूरा गरे। च्याम्पियन होमलालले एक लाख रूपैयाँ नगदसहित इनड्राइभरले प्रायोजन गरेको इलेक्ट्रिक स्कुटर प्राप्त गरे। सन्तोषलले ५० हजार र राजनले २५ हजार रूपैयाँ नगद पुरस्कार पाए। हाफ म्याराथनको उपाधि भने पुरुषमा खड्गबहादुर खड्का र महिलामा बिन्द्रा श्रेष्ठ च्याम्पियन भए। आर्मीका खड्गबहादुर एक घण्टा ७.२९ सेकेण्डमा दौड पूरा गरे। १३ औं दक्षिण एशियाली खेलकुद (साग) को म्याराथनमा स्वर्ण विजेता किरणसिंह बोगटी दोस्रो स्थानमा खुम्चिए।

उनले सन् २०१९ को सागमा २४ वर्षपछि नेपाललाई स्वर्ण पदक दिलाएका थिए। एपिएफका किरणले घरेलु प्रतियोगितामा हाफ म्याराथनमा भने खराब नतिजा सामना गर्नुपर्‍यो। उनले एक घन्टा ०८. ५६ सेकेण्डमा दूरी पूरा गरेका थिए। एपिएफका राजेन्द्र तामाङ एक घन्टा १४ मिनेट ३७ सेकेण्ड समयका साथ तेस्रो स्थानमा रहे। महिलातर्फ भने एपिएफकी विन्द्रा श्रेष्ठले एक घण्टा २५ मिनेट ४१ सेकेण्डमा दूरी पूरा गर्दै सफलता पाइन्। विन्द्रा पहिलोदेखि पाँचौं संस्करणसम्म च्याम्पियन हुन्।

आर्मीकी पूर्णलक्ष्मी न्यौपाने एक घण्टा २७ मिनेट ७ सेकेण्डका साथ दोस्रो भइन्। नेपाल पुलिसकी सुमित्रा चौधरी एक घण्टा ३० मिनेट ३८ सेकेण्ड समय निकाल्दै तेस्रो स्थानमा रहिन्। महिला र पुरुष दुवैतर्फ हाफ म्याराथनका विजेताले ५० हजार, दोस्रोले २५ हजार र तेस्रो हुने खेलाडीले १० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरे। पाँच किलोमिटर खुला पुरूषमा पुलिसका नागेश्वर अहिरले सफलता पाए। उनले १७ मिनेट ५१.२८ सेकेण्डको समय निकाले।

एपीपएफका सञ्जीव नेपाली दोस्रो र आर्मीका गोपाल तामाङ तेस्रो स्थानमा रहे। सोही दूरीमा महिलातर्फ आर्मीकी विमला तामाङ च्याम्पियन भइन्। विमलाले २१ मिनेट ३९.८१ सेकेण्ड समयका साथ सफलता पाइन्। आर्मीकै ववता राई दोस्रो र वसन्ती गोले तेस्रो स्थानमा रहे। पाँच किलोमिटर दूरीको विद्यालयतर्फ छात्रामा पूर्णिमा श्रेष्ठ र छात्रमा कृष्णबहादुर श्रेष्ठले उपाधि जिते। विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङ लगायतले पुरस्कृत गरेका थिए।

# सितोरियो करातेतर्फ दित्केल डोजो पहिलो

**खोटाङ (प्रस)–** दिक्तेलमा आयोजना गरिएको १५ औं जिल्लास्तरीय सितोरियो कराते प्रतियोगितामा ४७ पदकसहित दिक्तेल डोजो पहिलो भएको छ। नेपाल सितोरियो कराते सङ्घ खोटाङले दिक्तेलस्थित माटिकोरेस्थित बहुउद्देश्यीय कभर्ड हलमा आयोजना गरेको सो प्रतियोगितामा दिक्तेल डोजोले १५ स्वर्ण, १३ रजत र १९ कास्य पदक प्राप्त गरेको हो।

तीन स्वर्ण, तीन रजत र सात कास्यसहित हलेसी डोजो दोस्रो तथा दुई रजत र पाँच कास्यसहित च्यास्मिडार डोजो तेसो भएको सङ्घका अध्यक्ष मिलन कसजूले जानकारी दिनुभयो। धितुङ डोजो दुई कास्य पदकसहित चौथो भयो। दिक्तेल डोजोका लागि सिबिहाङ राई, जिताहाङ राई, सुसम राई, शिशिर राई, प्रणयविक्रम राई, सोनाम राई, सन्देश राई विकास आचार्य, सरगम राई, सोमिया राई, समीक्षा राई, आयुश्मा राई, स्मृति राई, सुशीला राई र मुना श्रेष्ठले आ-आफ्नो तौल समूहमा स्वर्ण पदक जिते।

यस्तै हलेसी डोजोका लागि सुनिल परियार, थर्डसन राई, डोमन राई, ओलिसा राई र रोजिना शङ्करले आ-आफ्नो तौल समूहमा स्वर्ण जिते।

च्यास्मिटार डोजोका लागि सङ्गम राई र अनुप राईले रजत तथा अर्बिन राई, सन्देश राई, मिलन राई, दिक्षा राई र प्रयुसा राईले कास्य पदक प्राप्त गरे। धितुङ डोजोका मनिता दर्नाल र युकेश राईले कास्य पदक प्राप्त गरे। पुरुष एकल कातामा दिक्तेलका अभिशेक राईले स्वर्ण, सोनाम राईले रजत तथा विकास आचार्य र आयुस भुजेलले कास्य पदक पाए। महिला एकल कातामा दिक्तेल डोजोकै सोमिया राईले स्वर्ण, अनिशा राईले रजत तथा विसुका राई र करुणा राईले कास्य पदक पाए।



भारतको कोलकातास्थित गंगा नदीको किनारमा हिन्दू तिथिअनुसार पितृपक्षको अन्तिम दिन शनिबार आफ्ना स्वर्गीय पुर्खाहरूको सम्झनामा जल अर्पण गर्दै एक भक्तजन। *तस्बिरः एएफपी*

# 'इजरायलको निकासी योजना पूर्णतः असम्भव'

**बेइजिङ-** युरोपेली युनियन (इयू)का विदेश नीति प्रमुख जोसेप बोरेलले उत्तरी गाजाबाट एकै दिनमा १० लाखभन्दा बढी मानिसलाई बाहिर निकाल्ने इजरायलको योजना कार्यान्वयन गर्न पूर्णरूपमा असम्भव रहेको शनिबार बताएका छन्।

इजरायलको इतिहासमा सबैभन्दा घातक हमलाको बदला लिन प्यालेस्टिनी इस्लामिस्ट संगठनविरुद्ध अपेक्षित जमिन आक्रमण गर्नुअघि इजरायलले उत्तरी गाजाका बासिन्दाहरूलाई सो स्थान खाली गर्न चेतावनी दिएको छ।

'युरोपेली युनियनको अधिकारीको प्रतिनिधित्व गर्दै यो (खाली गराउने योजना) कार्यान्वयन गर्न पूर्णरूपमा असम्भव रहेको म भन्छु,' चीनको तीन दिने कूटनीतिक भ्रमणको अन्तिम दिन बेइजिङमा बोरेलले पत्रकारहरूसँग भने, 'गाजा जस्तो परिस्थितिमा २४ घण्टाभित्र १० लाख मानिसलाई सार्न सकिन्छ भनेर कल्पना गर्नु मानवीय संकटमात्र हुन सक्छ।'

युरोपेली युनियनका प्रमुख उर्सुला भोन डेर लेयेनले इजरायलको भ्रमणका क्रममा शुक्रबार इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुलाई समर्थन रहेको बताएका थिए। 'युरोप इजरायलको पक्षमा उभिन्छ। इजरायललाई आफ्ना नागरिकहरूको रक्षा गर्ने कर्तव्य थियो,' उनले भने।

तर आफ्नो रक्षा गर्ने प्रक्रियामा इजरायल पनि अन्तर्राष्ट्रिय कानुनको पालना गर्न बाध्य हुन्छ भन्ने बेइजिङमा बोरेलको टिप्पणीले त्यस्तो पुष्टिमा सीमा निर्धारण गरेको देखिएको छ।

'स्थिति स्पष्ट छ, हामी वास्तवमै आफ्नो रक्षा गर्ने इजरायलको अधिकारको सम्मान गर्छौं,' बोरेलले भने, 'तर कुनै पनि अधिकारको कुरा गर्दा यसमा सीमा हुन्छ र यो सीमा भनेको अन्तर्राष्ट्रिय कानुन हो।' *रासस/एएफपी*

## प्यालेस्टिनीहरूले गाजा छाड्न थाले : इजरायली सेना



**तेल अबिब-** इजरायल-हमास द्वन्द्वको पछिल्लो नयाँ अपडेटमा इजरायली प्रतिरक्षा फौज (आइडिएफ)का प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कनरिकसले गाजा पट्टीका जनताले इजरायली सेनाको चेतावनी सुनिरहेको र सही काम गरिरहेको शनिबार बताएका छन्। उनका अनुसार प्यालेस्टिनी नागरिकहरू उल्लेखनीयरूपमा दक्षिणतिर जान थालेका छन्।

'हामीले प्यालेस्टिनी नागरिकहरू उल्लेखनीयरूमा दक्षिणतिर जान सुरु गरेको देखेका छौं, हाम्रो चेतावनीलाई सर्वसाधारणले सुनिरहेको देखेका छौं, उनीहरूले चलाखीपूर्वक काम गरिरहेका छन्, खतरनाक क्षेत्रबाट बाहिर निस्किरहेका छन् र उनीहरूको परिवारका लागि यो सही हो भन्ने बुझेका छन्,' उनले भने।

शुक्रबार इजरायली सेनाले गाजा सहरबाट बाहिर निस्कन सर्वसाधारणलाई आह्वान गरेको थियो। आइडिएफले युद्धमा सर्वसाधारण प्रभावित नहोउन् भन्ने चाहना व्यक्त गरेको थियो। आइडिएफले हमास र उसका सैन्य पूर्वाधारहरूमा हमला गर्न गइरहेको बताएको थियो।

'हामीले हाम्रो मनसायलाई पहिले नै बतायौं किनकि यसमा कुनै सैन्य तर्क थिएन तर युद्धबाट सर्वसाधारण प्रभावित हुनु नपरोस् भन्ने हामी चाहन्छौं,' उनले भने, 'हामीले युद्धमा सर्वसाधारणलाई त्यहाँ समावेश गरेका छैनौं र तिनीहरू हाम्रा शत्रु होइनन्, हामी कुनै पनि सर्वसाधारणलाई मार्ने वा घाइते बनाउने प्रयास गरिरहेका छैनौं, हामी हमास र उसका सैन्य पूर्वाधारहरूसँग लडिरहेका छौं, जहाँ हामीले गाजा पट्टी र गाजा पट्टीका उत्तरी भागलाई लक्षित गरेका थियौं।'

लेफ्टिनेन्ट कर्णेल कनरिकसले उत्तरी गाजाबाट प्यालेस्टिनीहरूलाई बाहिर जानबाट रोक्न हमासले प्रयास गरिरहेको बताए। 'अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार सन्देश र चेकपोइन्टका माध्यमबाट हमासले प्यालेस्टिनी नागरिकहरूलाई उक्त क्षेत्र खाली गर्नबाट रोक्ने प्रयास गरिरहेको छ, मलाई लाग्छ यो शंकास्पद छ,' उनले भने।

उनले आफ्नै सुरक्षाका लागि प्यालेस्टिनीहरूले चाँडोभन्दा चाँडो उक्त क्षेत्र खाली गर्ने आशा व्यक्त गरे। *रासस/एएनआई*

# अफगानिस्तानका भूकम्प प्रभावितलाई रेडक्रसको राहत

**काबुल-** अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट सोसाइटी महासंघ (आइएफआरसी)का एसिया प्रशान्त क्षेत्रीय निर्देशक अलेक्जेन्डर माथिअसले पश्चिमी अफगानिस्तानको हेरात प्रान्तका भूकम्प प्रभावित मानिसको स्थिति अत्यन्त दयनीय रहेको उल्लेख गर्दै उनीहरूलाई सहयोग जारी रहने बताएका छन्।

निर्देशक म्याथियसले भने, 'हामी आगामी दिनमा पनि राहत सामग्री वितरण जारी राख्नेछौं, अल्पकालका लागि भूकम्प प्रभावित जनतालाई उपयुक्त आश्रयस्थलबारे काम गर्न हामी अफगान रेड क्रिसेन्टसँग काम गर्ने योजना छ।'

आइएफआरसीले यसअघि नै लत्ताकपडा, गैरखाद्य सामग्री र स्वास्थ्य किटहरू उपलब्ध गराइसकेको र अब प्रभावित परिवारहरूलाई थप सहयोगको आवश्यकता रहेको उनले बताए। प्रभावित क्षेत्र हेरातको स्थलगत अनुगमन गरेका माथिअसले भूकम्प प्रभावितहरूलाई घर निर्माण तथा दीर्घकालीन जीवनयापनका लागि थप सहयोगको आवाश्यकता रहेको बताए।

गत शनिबार पश्चिमी अफगानिस्तानको हेरात प्रान्तको जान्दा जान जिल्लामा केन्द्रविन्दु बनाएर ६.२ म्यागिनच्युडको भूकम्प तथा त्यसपछि पराकम्पहरू गएका थिए। सरकारी स्रोतका अनुसार भूकम्पमा परी कम्तीमा दुई हजार ५३ जनाको मृत्यु तथा हजारौं घाइते भएका छन्। यसैगरी दुई हजारभन्दा बढी घर ध्वस्त भएका छन्।

यसैगरी बुधबार हेरातमा ६.३ रिक्टर स्केलको अर्को भूकम्प जाँदा एक जानको मृत्यु भएको र १५० भन्दा बढी घाइते हुनुका साथै भौतिक सम्पत्तिमासमेत क्षति पुगेको सरकारी स्रोतले जनाएको छ।

'मानिसहरूलाई खाना,पानी, चिकित्सा शिविर आवश्यक छ, यो नागरिकका लागि अत्यन्तै नाटकीय दुःखद विपत्ति हो,' उनले भने।

भूकम्पपीडितको समस्या समाधानका लागि अफगानिस्तान रेड क्रिसेन्ट सोसाइटीले गरेको योगदानको प्रशंसा गर्दै उनले रेडक्रस विपत्मा उपस्थित हुने पहिलो संस्था भएको बताए।

'अफगानिस्तान रेड क्रिसेन्टलाई यो राहत चरणमा मात्र नभई आगामी महिनामा घर निर्माण र जीविकोपार्जनका लागि पनि सहयोग गर्नेछौं,' उनले भने। *रासस/सिन्ह्वा*

# भारत र श्रीलंकाबीच ४० वर्षपछि डुंगा सेवा पुनः सञ्चालन




**नयाँदिल्ली-** भारत र श्रीलंकाले ४० वर्षपछि डुंगा सेवा शनिबारदेखि पुनः सञ्चालन गरेका छन्। भारतको तमिलनाडु राज्यको पूर्वी तटमा रहेको नागापट्टिनम र श्रीलंकाको उत्तरी प्रान्तको जाफनानजिकै कान्केसानथुराईबीच यो सेवा सुरु गरिएको हो।

भारतका बन्दरगाह, पानीजहाज तथा जलमार्गमन्त्री सर्वानन्द सोनोवालले नागापट्टिनम बन्दरगाहमा सेवा सञ्चालन खुला भएको संकेतस्वरूप डुंगालाई हरियो झण्डा देखाएर डुंगामा आएका यात्रीलाई स्वागत गरेका थिए।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले 'भर्चुअल' माध्यमबाट उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्रीलंकाका राष्ट्रपति, सरकार र त्यहाँका जनतालाई नौका सेवाको सफल शुभारम्भका लागि धन्यवाद दिएका थिए। उनले भारतको रामेश्वरम र श्रीलंकाको तलैमन्नारबीच नौका सेवा पुनः सञ्चालन गर्ने दिशामा काम गर्नेबारे पनि चर्चा गरे।

सिपिङ कर्पोरेसन अफ इण्डियाले सञ्चालन गरेको उच्च गतिको डुंगाको क्षमता १५० यात्रु रहेको छ। नागपट्टिनम र कान्केसानथुराईबीचको करिब ६० नटिकल माइल (११० किलोमिटर) को दूरी समुद्रको अवस्थाअनुसार करिब ३.५ घण्टामा पूरा हुने अधिकारीहरूले बताएका छन्। पचास यात्रु लिएर श्रीलंकाका लागि छुटेको 'चेरियापानी' जहाज साँझपख श्रीलंकाबाट यात्रु लिएर भारत फर्किएको छ। *रासस/सिन्ह्वा*

# हवाई हमलामा हमासको वायु सेना प्रमुख मारिएको दाबी

**तेल अबिब-** शुक्रबार राति गरिएको हवाई आक्रमणमा हमासको वायु सेना प्रमुख मुराद अबु मुराद मारिएको इजरायली वायु सेनाले बताएको छ। हमासले गाजा पट्टीस्थित उसको हवाई गतिविधि व्यवस्थापन गर्ने मुख्यालयलाई आक्रमणमा निशाना बनाइएको इजरायली वायु सेनाले उल्लेख गरेको छ।

इजरायली वायु सेनाले मुराद अबु मुराद गत शनिबारको नरसंहारमा आतंकवादीहरूलाई निर्देशन दिनका लागि धेरै हदसम्म जिम्मेवार रहेको बताएको छ। 'साथै पछिल्लो दिनमा वायु सेनाको लडाकु जेटहरूले हमास आतंकवादी संगठनको मुख्यालयमा आक्रमण गरे जहाँबाट उक्त संगठनको हवाई गतिविधि व्यवस्थापन हुन्थ्यो,' सामाजिक सञ्जाल एक्समा एक पोस्ट राख्दै इजरायली वायु सेनाले भनेको छ, 'शनिबारको घातक हमलामा आतंकवादीहरूलाई निर्देशन दिनेमध्येका एक गाजा सहरमा हवाई सेनाका प्रमुख मुराद अबु मुराद पनि हवाई आक्रमणमा मारिएका छन्।'

शुक्रबार राति भएको अर्को छुट्टै आक्रमणमा इजरायली वायु सेनाले गत शनिबार हमासले गरेको आक्रमणका क्रममा इजरायलमा घुसपैठ गर्ने हमास कमाण्डो फौजसँग सम्बन्धित दर्जनौं स्थानमा आक्रमण गरेको बताएको छ।

हमासले आतंकवादी संगठनविरुद्ध इजरायललाई रक्षा गर्ने क्रममा इजरायली वायु सेना र इजरायली प्रतिरक्षा फौजले आक्रमणलाई जारी राखेको बताइएको छ। *रासस/एएनआई*

## गाजामा मृत्यु हुनेको संख्या २२ सय नाघ्यो

**गाजा सहर-** एक साताअघि दक्षिणी इजरायलमा हमासले आक्रमण गरेपछि गाजा सहरमा इजरायली हमलामा मर्नेहरूको संख्या कम्तीमा दुई हजार २१५ पुगेको प्यालेस्टिनी अधिनस्थ क्षेत्रको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले शनिबार बताएको छ।

मन्त्रालयले हमलामा मारिनेहरूमा ४५८ महिला रहेको जनाएको छ। हमलामा आठ हजार ७१४ जना घाइते भएका छन्। यसअघिको विज्ञप्तिमा मन्त्रालयले पछिलो २४ घन्टामा मात्र कम्तीमा तीन सय २४ जना मारिएको जनाएको थियो। *रासस/एएफपी*

# चीनमा प्राकृतिक ग्यास खपत बढ्यो

**बेइजिङ-** चीनमा पछिल्लो आठ महिनामा प्राकृतिक ग्यास खपतमा वृद्धि भएको छ। हरित विकास हासिल गर्ने प्रयासका साथ सन् २०२३ को पहिलो आठ महिनामा चीनको प्राकृतिक ग्यासको खपत निरन्तर बढेको चीनको आर्थिक योजनाको तथ्यांकले देखाएको छ।

चिनियाँ विकास तथा सुधार आयोगका अनुसार जनवरीदेखि अगस्टको अवधिमा प्राकृतिक ग्यासको खपत वार्षिक ७.४४ प्रतिशतले बढेर २५९.८१ अर्ब घनमिटर पुगेको छ। तथ्यांकअनुसार अगस्टमा मात्र प्राकृतिक ग्यासको खपत ११.१ प्रतिशतले बढेर ३२ अर्ब ६८ करोड घनमिटर पुगेको छ। रासस/सिन्ह्वा

# रूसी जहाजमाथि युक्रेनको आक्रमण

**किएभ-** युक्रेनले प्रयोगात्मक समुद्री ड्रोनको सहायताले रुसी पानीजहाजमाथि आक्रमण गरेको छ। युक्रेनले प्रयोगात्मक सामुद्रिक ड्रोनले कृष्ण सागरमा दुईवटा रुसी जहाजमा आक्रमण गरेको युक्रेनीको सरकारी समाचार एजेन्सीले शुक्रबार जनाएको छ।

सेभास्टोपोल सहर नजिकै शुक्रबार 'सी बेबी' नाम दिइएको ड्रोनले रुसको बुयान मिसाइल जहाजमा प्रहार गरेको रिपोर्टमा उल्लेख गरेको छ। यसैगरी डेर्जाभिन गस्ती जहाजमा बुधबार प्रहार भएको जनाएको छ।

युक्रेनी नौसेनाका प्रवक्ता दिमित्रो प्लेटेञ्चुकले पाभेल डर्जाभिन जहाजमा शुक्रबार दोस्रोपटक आक्रमण गरेको बताएको छ। *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११३००० | प्रति तोला - ११२४५० | प्रति तोला - १३९० |



**बिटुबी एक्स्पो अवलोकन** | काठमाडौंमा आयोजित 'द प्रिमियर बिटुबी एक्स्पो' अवलोकन गर्दै विदेशी पर्यटक।

*तस्बिरः रासस*

# माथिल्लो अरुणका लागि सहुलियत ऋण दिन विश्व बैंक सकारात्मक

■ प्रभाव संवाददाता

**काठमाडौं–** माथिल्लो अरुण जलविद्युत् आयोजनाका लागि रु एक खर्ब ३० अर्ब बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउन विश्व बैंकले सकारात्मक जवाफ दिएको छ।

विश्व बैङ्कको वार्षिक बैठकमा भाग लिने सिलसिलामा मोरक्कोका मराकेसमा रहेका अर्थमन्त्रीसँग शनिबार बैङ्कका पदाधिकारीहरूसँग भएको भेटमा बैङ्कले रणनीतिक महत्वको सो आयोजनाका निम्ति सहुलियतपूर्ण कर्जा दिने सङ्केत गरेको अर्थ मन्त्रालयले जनाएको छ। उक्त बैङ्कबाट सहुलियतपूर्ण ऋण लिने सम्बन्धमा आगामी साता उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले वासिङटनमा प्राविधिक एवं वित्तीय विषयमा केन्द्रित रहेर छलफल गर्ने तयारी गरेको मन्त्रालयले बताएको छ।

त्यसैगरी, सहुलियतपूर्ण ऋण उपलब्ध गराउने संरचना अन्तर्राष्ट्रिय विकास सहायता (आइडिए) को २१औँ बैठक नेपालमा आयोजना गर्न अर्थमन्त्रीले गरेको प्रस्तावप्रति विश्व बैङ्कले सकारात्मक जवाफ दिएको छ। विश्व बैंक दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजर र विकास वित्ततर्फका उपाध्यक्ष आकिहिको निसिओसँगको समीक्षा बैठकमा उनीहरूले नेपालको प्रस्तावप्रति सकारात्मक जवाफ दिएका हुन्। गत वर्ष नौ दशमलव दुई प्रतिशतमात्र प्रवाह भएको कर्जाको परिमाण बढाउन मन्त्री महतले जोड दिएका थिए।




बैठकमा नयाँ आयोजना निर्माण तथा ठेक्का प्रक्रिया र धेरै क्षेत्रमा छरिएका आयोजनाको एकीकरणबारे पनि उनीहरूबीच छलफल भएको अर्थ मन्त्रालयले जनाएको छ।

यसैगरी, तीन सय मिलियन अमेरिकी डलर अर्थात् रु ३९ अर्ब बराबरको बजेटरी सहायता चालु आर्थिक वर्षभित्र परिचालन गर्ने गरी तयारी गर्न दुवै पक्षबीच सहमति भएको छ। सहमतिअनुसार सार्वजनिक वित्त, वित्तीय क्षेत्र समावेशी विकासका साथै नीतिगत सुधारका काम कार्यान्वयन गरिनेछ।

यसैगरी, भौतिक पूर्वाधारका क्षेत्रमा अर्थमन्त्रीले कार्यक्रमगत सहायताको नयाँ ढाँचामा सहायता परिचालन गर्न अनुरोध गरेका छन्। उक्त ढाँचाअन्तर्गत स-साना आयोजना कार्यान्वयनका लागि नेपालको आफ्नै सामाजिक तथा वातावरणीय जोखिम न्यूनीकरणका मापदण्डलाई आधार मानेर लगानी सुनिश्चित गरिनेछ।

बैठकमा अर्थसचिव कृष्णहरि पुष्कर र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख श्रीकृष्ण नेपाललगायत उपस्थित थिए।

# प्रसारणलाइनको स्तरोन्नतिमा स्थानीयको अवरोध

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्लाहीको लालबन्दी क्षेत्रका स्थानीय बासिन्दाले एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको स्तरोन्नति (तार फेर्ने)मा अवरोध गरेका छन्। करिब ४१ वर्षअघि निर्माण गरिएको प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाको मुआब्जा पाउनुपर्ने, उक्त जग्गालाई बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउनुपर्नेलगायत माग राखी यही असोज १९ गतेदेखि स्थानीयवासीले लाइनको तार फेर्न दिएका छैनन्।

नेपाल विद्युत् प्राधिकरणले पूर्व-पश्चिम एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता वृद्धि गरी विद्युत् प्रवाह बढाउन मकवानपुरको हेटौंडादेखि धनुषाको ढल्केबर सबस्टेसनसम्मको करिब एक सय ३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर नयाँ तार राखी प्रसारण प्रणाली सुधार गर्न लागेको हो।

यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युत्लाई पूर्वतर्फ सहजै प्रवाह गर्न सकिने, ढल्केबरबाट पश्चिमतर्फ विद्युत् प्रवाहका लागि सजिलो हुने र देशभित्र खपत गरी जोगिएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिन्छ। ढल्केबर सबस्टेसनबाट सर्लाहीको लालबन्दी नगरपालिका-१ स्थित नवलपुर सबस्टेसनसम्मको करिब ४० किलोमिटर लाइनमध्ये एउटा सर्किटको करिब ३६ किलोमिटर तार फेरिएको छ।

लालबन्दी बजार क्षेत्रका स्थानीयको अवरोधका कारण करिब चार किलोमिटर क्षेत्रमा भने काम ठप्प भएको छ। अवरोधका कारण एउटा सर्किट बन्द हुँदा ढल्केबरबाट पश्चिमतर्फ र हेटौंडाबाट पूर्वतर्फ विद्युत् प्रवाह गर्न समस्या हुँदा यसले देशकै समग्र विद्युत् प्रसारण प्रणाली प्रभावित भएको छ।

तार बदल्न एउटा सर्किट बन्द गरिएकाले अहिले विद्युत् आपूर्तिमा समस्या भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। 'नयाँ प्रसारण लाइन निर्माणमा जताततै अवरोध छ, अब ४०/४१ वर्षअघि बनेर चालू अवस्थामा रहेको लाइनमासमेत तार फेर्न खोज्दा क्षतिपूर्तिको माग गर्दै अवरोध हुन थालेको छ, यस्तो अवस्थामा काम गर्न कठिन भएको छ। यद्यपि, अवरोध हटाउन हाम्रो तर्फबाट सक्दो प्रयास भइरहेको छ तर त्यो सफल भएको छैन', कार्यकारी निर्देशक घिसिङले गुनासो गरे।

तत्काल तार फेर्न नसकिए ढल्केबरबाट थप विद्युत् पश्चिमतर्फ प्रवाह गर्न नसकिने हुँदा आगामी हिउँदमा वीरगञ्जलगायत क्षेत्रमा बाध्यकारी विद्युतभार कटौती गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले त्यस्तो संवेदनशील लाइनको काममा अवरोध नगरिदिन कार्यकारी निर्देशक घिसिङले सम्बद्ध पक्षसँग आग्रह गरेका छन्।

आयोजना प्रमुख राजेन्द्र कोइरालाले अवरोधका विषयमा सर्लाहीका प्रमुख जिल्ला अधिकारी, लालबन्दी नगरपालिका प्रमुख, प्रहरी प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष, स्थानीय बासिन्दासँग पटक-पटक छलफल भए पनि समस्या समाधान हुन नसकेको बताए। स्थानीयले आफ्ना माग पूरा नभएसम्म उनीहरूलाई जग्गामा टेक्नै नदिने चेतावनी दिएकाले समस्या बल्झिएको उनले दुःखेसो गरे।

एक सय ३२ केभी प्रसारण लाइनको मध्यविन्दुबाट दायाँबायाँ नौ/नौ मिटर मार्गाधिकार तोकिएको छ। बैङ्क तथा वित्तीय संस्थाले उक्त मापदण्डभन्दा विपरीत ५० मिटरसम्म पर्ने जग्गाको धितो नलिने गरेको स्थानीयले गुनासो गर्दै आएका छन्।

## तालचोक–बेगनास सडक अब चार लेनको बन्ने

**पोखरा (प्रस)** – पोखरा महानगरपालिका-२७ तालचोकदेखि वडा नं ३१ बेगनास जोड्ने सडक चार लेनमा स्तरोन्नति भइरहेको छ। गत चैतदेखि सडक निर्माण थालिएकामा करिब दश प्रतिशत भौतिक प्रगति भएको महानगरले जनाएको छ।

'ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल निर्माण सुरु भएको हो', महानगरका इन्जिनियर जगन्नाथ कोइरालाले भने, 'सरासर काम भयो भने विसं २०८१ भित्र सडक बनिसक्छ, निर्माण कम्पनीको प्रतिबद्धता पनि त्यही छ।'

विश्व बैंकको सहयोगमा उक्त सडकको स्तरोन्नति योजना अगाडि बढेको उनले बताए। तीन दशमलव २८ किमीको चार लेन सडक बनाउने जिम्मा 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी' ले पाएको इन्जिनियर कोइरालाले बताए।

# अन्नपूर्ण पदमार्गमा पर्यटकको चहलपहल

**लमजुङ (प्रस)–** चक्रीय अन्नपूर्ण पदमार्गमा यतिबेला पर्यटकको चहलपहल बढ्न थालेको छ। केही समयअघिसम्म सुनसान रहेको यस पदमार्गमा यतिबेला पर्यटकीय याम सुरु भएसँगै पर्यटकको चहलपहल बढेको हो।

यतिबेला दैनिक दुई सयभन्दा बढी विदेशी पर्यटकको आगमन भइरहेको मनाङ धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङले बताए। उनका अनुसार तिहारको बीचमा अझै पर्यटक बढ्दै जानेछन्।

यस पदमार्गमा पर्ने मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले भने, 'पर्यटकको आगमन ठप्प भएसँगै फुर्सदिला बनेका हामी यतिबेला पर्यटक आगमन बढ्न थालेसँगै उनीहरूका लागि व्यस्त भइरहेका छौं।'

पदमार्गमा पर्यटकको चहलपहल बढेसँगै आफू मात्र नभई यस क्षेत्रमा रहेका पर्यटन व्यवसायी हर्षित भएको उनको भनाइ छ। पर्यटक नआउँदा आम्दानी शून्य जस्तै भए पनि यतिबेला दैनिक रु ३० देखि ४० हजारसम्म कमाइ हुने गरेको उनले सुनाए।

त्यस्तै अर्का पर्यटन व्यवसायी मेखबहादुर गुरुङका अनुसार पर्यटक बढेसँगै आम्दानीसमेत वृद्धि हुँदै गइरहेको छ। यतिबेला पर्यटक आगमन बढ्दा दैनिक रु ३०/३५ हजारसम्म आम्दानी हुने गरेको उहाँको भनाइ छ। बर्खा लागेसँगै पदमार्गमा आउने पर्यटकलाई समस्या हुनाले पर्यटक यसअघिसम्म आएका थिएनन्।

यस पदमार्ग आसपासमा सयौं सफ्यामा होटल व्यवसाय सञ्चालनमा रहेका छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङको चौतारा हो। यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएका छन्।

विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न र मनाङबाट थोराङ भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै पोखरा जान अन्नपूर्ण पदमार्गमा आउँछन्। मनाङका विभिन्न हिमाल एवं चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन्। सन् २०२३ सुरु भएयता हालसम्म १४ हजार दुई सय १४ पर्यटक यस पदमार्गमा आएका छन्।

सो पदमार्गमा सबैभन्दा बढी इजरायल, फ्रान्स, जर्मनीलगायतका देशका नागरिक आएको उक्त केन्द्रले जनाएको छ। केन्द्रका अनुसार यतिबेला दैनिक विदेशीभन्दा आन्तरिक पर्यटक बढी आउने गरे पनि यकीन तथ्याङ्क भने छैन। यस पदमार्गमा विदेशी र आन्तरिकको भरिभराउले व्यवसायी उत्साहित बन्न थालेका छन्।

# मनिप्लान्टको नयाँ सञ्चालक र लेखा समिति

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी'को मान्यता आधारित भएर क्रियाशील 'मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड'को शनिबार सम्पन्न १४ औं साधारणसभाले नयाँ संचालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको चयन गरेको छ। साधारणसभामा बागमती प्रदेशका सहकारी रजिस्ट्रार राधाकृष्ण खतिवडा प्रमुख अतिथि थिए।

अध्यक्ष सुदर्शन पराजुलीले राजिनामा दिएसँगै इन्दमणि पोखरेल नयाँ अध्यक्ष चयन भएका छन्। संचालक समितिमा सुसन कर्माचार्य उपाध्यक्ष, उद्दिमबहादुर देवकोटा सचिव र राजकुमार सुवेदी कोषाध्यक्ष चयन भएका छन्। त्यस्तै सदस्यहरूमा यामकुमार खड्का, धनबहादुर श्रेष्ठ, बालकृष्ण श्रेष्ठ, कृष्णसागर शर्मा, हेलेन घिमिरे, शान्ता पाण्डे घिमिरे र




कमल गिरी चयन भएका छन्। लेखा तथा सुपरिवेक्षण समितिमा भने किरण मास्के संयोजक र राजेन्द्रप्रसाद घिमिरे तथा निलमणि दाहाल सदस्य चयन भएका छन्।

साधारणसभामा संस्थाको प्रतिवेदन, लेखा प्रतिवेदन, आयव्यय विवरण प्रस्तुत र पारित गरिनुका साथै संस्थागत अवस्थाको समीक्षा र कार्ययोजनाबारे विस्तृत छलफल तथा नीति तर्जुमा भएको थियो। साथै संस्था संबद्ध सदस्य र परिवारबाट उत्कृष्ट शैक्षिक योग्यता हासिल गरेका, संस्थामा उत्कृष्टता देखाएका, विभिन्न पदोन्नति र नियुक्ति भएकाहरूलाई पुरस्कृत तथा सम्मानित गरिएको थियो। त्यसक्रममा १४ जनालाई उत्कृष्ट शैक्षिक पुरस्कार तथा तीन-तीन जनालाई ज्येष्ठ सदस्य, उत्कृष्ट ऋण कारोबारी र उत्कृष्ट बचतकर्ताका रूपमा सम्मान गरिएको थियो। एकजनालाई उत्कृष्ट कर्मचारी पुरस्कार दिइएको थियो। लालिगुराँस बाटिका सेकेन्डरी स्कुल, नरेफाँटका बिद्यार्थीले सांस्कृतिक प्रस्तुति समेत दिएका थिए।

अध्यक्ष पोखरेलले सफल कार्यसम्पादनका लागि अघिल्लो संचालक समितिलाई धन्यवाद दिंदै सहकारी क्षेत्रको संस्थागत चुनौतीबीच आफू संचालक समितिमा आएको र सबैको हातेमालोबाट नै चुनौतीको सामना गर्नसकिने बताए। संस्थाको सेयर सदस्य संख्या एक हजार एक सय ८२ पुगेको र पछिल्लो आवको कुल वासलत एक अर्ब २१ करोड १७ लाख ३६ हजार आठसय ५२ रूपैयाँ रहेको कार्यकारी प्रमुख ओमबहादुर बस्नेतले जानकारी दिए।

# प्रधानमन्त्री कृषि परियोजनाको पाँच करोडका कार्यक्रम

**गोरखा (प्रस)–** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले गोरखा र तनहुँमा लागू हुनेगरी रु पाँच करोडभन्दा बढीको स्वीकृत बजेट तथा कार्यक्रम सार्वजनिक गरेको छ।

परियोजनाले चालु आर्थिक वर्ष २०८०/८१ अन्तर्गत स्वीकृत भएर आएको बजेट तथा कार्यक्रम सार्वजनिक गरेको हो। दुई जिल्लाका लागि परियोजनाअन्तर्गत चालु आवमा पुँजीगत तथा चालु खर्चका लागि रु पाँच करोड पाँच लाख रकम प्राप्त भएको कार्यालयका प्रमुख पूर्ण ढुङ्गानाले जानकारी दिए।

परियोजनाअन्तर्गत नयाँ सिँचाइका पूर्वाधार निर्माण गर्न र गत आवमा विस्तार भएका अधुरा सिँचाइ पूर्वाधार निर्माणका लागि रु ९१ लाख प्राप्त भएको उनले बताए। 'बगैँचा सुदृढीकरण कार्यक्रमका लागि यस वर्ष रु २४ लाख विनियोजन भएर आएको छ', प्रमुख ढुङ्गानाले भने, '४० लाख जोन क्षेत्रमा ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकीकरणमा सहयोगका लागि रकम प्राप्त भएको छ।' सुन्तला जातका फलफूल बगैँचामा खाद्यतत्व, सुस्मतत्व व्यवस्थापन तथा प्रदर्शनीका लागि रु तीन लाख ५० हजार र चक्लाबन्दीमा पकेट, ब्लक, जोन सञ्चालनका लागि सम्भाव्यता अध्ययन तथा कार्यान्वयन सहयोगका लागि रु ६० लाख विनियोजन गरिएको उनले जानकारी दिए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ